यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।
सम्पर्क : ०६१-५३९४५५

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

वर्ष ९ अंक ३८ श्रेणी 'क' २०७३ कार्तिक २१ गते आइतबार 6 Nov. 2016 पृष्ठ ४ मूल्य रू. ५/-

वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ, क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्वर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम नि:शुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४९२५

## भारतीय राष्ट्रपति मुखर्जीको सम्बोधनले पूर्व गोर्खा सैनिक खुसी

**वासुदेव पौडेल**
**पोखरा २० कार्तिक ।**

भारतीय राष्ट्रपति प्रणव मुखर्जीले शुक्रबार पोखरास्थित भारतीय पेन्सन क्याम्पमा नेपाली पूर्व भारतीय गोर्खा सैनिकलाई सम्बोधन गरिरहँदा खचाखच भरिएका हजारौ नेपाली पूर्व गोर्खा सैनिक खुसी देखिन्थे। लगभग ११ मिनेटको सम्बोधनको अधिकांश समय भारतीय सेनाका सुप्रिम कमान्डरसमेत रहेका राष्ट्रपति मुखर्जीले भारतीय पूर्व सैनिकको प्रशंसा गरिरहँदा उपस्थित पूर्व सैनिकको मुहारमा चम्किलोपन त थियो नै समय समयमा तालिको गड्गडाहट गुञ्जिएको थियो।

आफ्नो सम्बोधनको अधिकांश समय गोरखा सैनिकका लागि भारतको कल्याणकारी योजना, गोर्खा सैनिकले देखाएको कर्तव्यनिष्ठता र बहादुरीका साथै नेपाल भारतबीचको अतुलनीय सम्बन्धको चर्चामा राष्ट्रपति मुखर्जीले बिताएका थिए। नेपालका कूल एक लाख २६ हजार भारतीय पेन्सरमध्ये पोखरा र यस आसपासका क्षेत्रमा मात्र ६३ हजारको सङ्ख्यामा पेन्सन लिइरहेका छन् । भारतीय सेनाका सुप्रिम कमान्डर स्वयम् उपस्थित भएर भूतपूर्व गोर्खा सैनिकको कर्तव्य निष्ठता, बहादुरी तथा योगदानको खुलेर प्रशंसा गर्नुले सम्पूर्ण पूर्व गोर्खा सैनिकलाई खुसी तुल्याएको एक्स सर्भिसमेन सेल पोखराका संयोजक कर्नेल कमानसिंह गुरुङले बताए। 'पूर्व गोर्खा सैनिकलाई भारतीय सेनाका सुप्रिम कमान्डर आफैं उपस्थित भएर सम्बोधन गर्नु हाम्रा लागि निकै ठूलो कुरा हो,' उनले भने-'राष्ट्रपतिज्यूले पूर्व गोर्खा सैनिकको योगदान, बहादुरी र कर्तव्यनिष्ठताको प्रशंसा गर्नुभयो ।' पूर्व गोर्खा सैनिक र उनका आश्रितजनले विभिन्न किसिमका समस्या समेत भोगिरहेको बताउँदै उनले समस्याबारे राष्ट्रपतिलाई जानकारी गराउने योजना भए पनि समय अभावलगायतका कारणबाट सम्भव नभएको बताए। सम्बोधनका क्रममा राष्ट्रपति मुखर्जीले पछिल्लो २०० वर्षदेखि गोर्खा वीर भारतमा सेवा गरिरहेको बताउँदै गोर्खा सैनिकले भारतीय सेनामा असाधारण वीरता तथा कर्तव्य निष्ठाका साथ सेवा गरेको स्मरण गरिरहँदा उपस्थित भूतपूर्व गोर्खा सैनिकका मुहारमा हर्ष त छाएको थियो नै त्यसमा गम्भीरता पनि झल्किएको थियो।

भारतमा हाल ३२ हजार गोर्खा सैनिक सेवारत रहेका छन् भने लगभग एक लाख २६ हजार पूर्व सैनिक र तिनका आश्रित नेपालमा पेन्सनको सुविधा लिएका छन्।

राष्ट्रपति मुखर्जीले पूर्व गोर्खा सैनिकले भारतको सीमा रक्षाका लागि दृढता र साहसका बाबजुद काम गरेको र भूतपूर्व गोर्खा सैनिक



नेपाल र भारतको मित्रताको आधारस्तम्भ भएकोमा जोड दिएका थिए। भारत सरकार र भारतीय सेना वीर गोर्खा सैनिक र पूर्व सैनिकप्रति गौरव गर्दै राष्ट्रपति मुखर्जीले भारत सरकार पूर्व सैनिकको कल्याणका लागि हरसम्भव प्रयत्न गर्न कहिलेपछि नहट्ने विश्वास व्यक्त गरिनुले सम्पूर्ण भारतीय गोर्खा सैनिकलाई आशा एवम् भरोसा जगाएको भारतीय पूर्व गोर्खा सैनिक लोकबहादुर गुरुङ बताउँछन्।

'नेपाली पूर्व भारतीय गोर्खा सैनिकको योगदानलाई आफ्नै घरआँगनमा आएर सुप्रिम कमान्डरबाट चर्चा गरिनु सम्पूर्ण पूर्व गोर्खा सैनिकका लागि निकै खुसीको विषय हो,'- उनले भने।

भारत सरकारबाट प्रतिवर्ष लगभग तीन हजार एकसय करोड रुपैयाँ नेपालमा पेन्सन वितरण भइरहेको छ भने चालु आर्थिक वर्षमा लगभग चार हजार करोड नेपाली रुपैयाँ वितरण गर्ने योजना राखिएको छ। गतवर्ष लगभग साढे ६ करोड रुपैयाँ विभिन्न कल्याण योजनामा वितरण गरिएको राष्ट्रपति मुखर्जीले बताएका थिए। वृद्ध अवस्थामा भूतपूर्व गोर्खा सैनिकको स्वास्थ्यको ख्याल राख्नका लागि नेपालमा पूर्व सेवारत योगदान स्वास्थ्य योजना लागू गर्नका लागि लगभग एक करोड रुपैयाँ गतवर्ष उपचार सहायताको रुपमा वितरण गरिएको राष्ट्रपतिको सम्बोधनमा उल्लेख छ । भारतीय सेनाको दश मेडिकल टिमले प्रत्येक वर्ष नेपालमा सेवा दिइरहेको र अहिलेसम्म ६४ वटा एम्बुलेन्स विभिन्न भूतपूर्व सैनिक संस्थालाई उपहारस्वरुप प्रदान गरिसकेको छ । भारतीय सैनिकले भूतपूर्व सैनिकको आश्रित बालबालिकाका लागि छात्रवृत्ति पनि प्रदान गरेको छ भने हालसम्म एक हजार ४९ पूर्व सैनिकको गाउँसम्म पानीको योजना पुऱ्याएको छ ।

त्यस्तै १७ वटा दुर्गम इलाकामा सौर्य बिजुली योजना अन्तर्गत उज्यालो बनाइएको राष्ट्रपतिको सम्बोधनमा उल्लेख छ । पूर्व सैनिकका लागि कल्याणकारी योजना नेपालमा पनि लागू भइरहेको बताउँदै राष्ट्रपति मुखर्जीले वन रेन्क वन पेन्सनअनुसार ३१ डिसेम्बर २०१५ मा पाउने बेसिक पेन्सनको २।५७ गुनाले एक जनवरी २०१६ बाट भारतीय सेनाले पनि पाउने जानकारी दिएका थिए। भूतपूर्व सैनिकको योगदानलाई प्रशंसा गर्दै कर्तव्य निष्ठता तथा बहादुरी विर्सन नसक्ने भारतीय राष्ट्रपतिको सम्बोधनले आगामी दिनमा पनि आफूहरूको योगदान बाँचिरहने र त्यसको उचित कदर हुने विश्वास भूतपूर्व गोर्खा सैनिकले लिएका छन् ।

## प्याराग्लाइडिङ दुर्घटनामा प्रशिक्षार्थीको मृत्यु

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २० कार्तिक ।**

स्याङजामा प्याराग्लाइडिङ सिक्ने क्रममा प्रशिक्षार्थी प्याराग्लाइडरको ज्यान गएको छ । शुक्रबार दिउँसो प्याराग्लाइडिङ सिक्दै गरेका पोखरा उप-महानगरपालिका वडा नम्बर ६ घर भएका शैलेश पहारीको मृत्यु भएको हो । स्याङ्जाको स्वरेकमा प्याराग्लाईडिङ सिक्ने क्रममा प्याराग्लाइडिङ दुर्घट्ना हुँदा उनको ज्यान गएको हो । प्रशिक्षार्थी पहारी शुक्रबार दिउँसो एक्लै प्याराग्लाइडिङ सिक्ने क्रममा एक्कासी रुखमा ठोक्किन पुग्दा घाइते भएका थिए ।

टाउको र शरीरका अन्य भागमा समेत गम्भीर चोट लागेका पहारीलाई उद्धार गरेर अस्पताल लैजाने क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सहायक प्रहरी निरीक्षक मनोज पौडेलले जानकारी दिए । पहारीको शव हाल जिल्ला अस्पताल स्याङ्जामा राखिएको छ । उनको शव पोष्टमार्टमपछि परिवारलाई बुझाइने प्रहरीले बताएको छ ।

मृतक पहारीले पोखराको ब्लु स्काई प्याराग्लाइडिङ्ग कम्पनीबाट १५ दिने प्याराग्लाइडिङ्ग कोर्ष गर्दै थिए । प्रशिक्षण सुरु गरेको १२ औं दिनमा प्याराग्लाइडिङ्ग दुर्घटना भएको कम्पनीका सञ्चालक नारायण पराजुलीले बताए । सोलो पाइलटले प्रशिक्षणका क्रममा एकल उडान गर्नुपर्छ । सो क्रममा दुर्घटना भएको खबर सुन्नुपर्दा आफूहरुलाई दु:ख लागेको नेपाल हवाई खेलकुद संस्था 'ना' पोखराका अध्यक्ष योगेश भट्टराईले बताए । स्याङ्जाको स्वरेकमा केहि बर्षदेखी सुरु भएको प्याराग्लाईडीङ दुर्घटनामा परी मृत्यु भएको यो पहिलो घटना हो । यसअघि पोखरामा विदेशी तथा स्वदेशी गरी ६ जना भन्दा बढी सोलो प्याराग्लाईडिङ पाईलटहरुको ज्यान गइसकेको छ ।

## लेखनाथलाई पोखरामा गाभ्ने नेताहरुको ऐक्यवद्धता



**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २० कार्तिक ।**

लेखनाथ नगरपालिकालाई पोखरा उपमहानगरपालिकामा गाभ्ने योजनामा लेखनाथका स्थानीय नेताहरुले ऐक्यवद्धता जनाएका छन् । नेशनल एफएम र लेखनाथ नागरिक समूहले लेखनाथको ताल्चोकमा आयोजना गरेको स्थानीय तहको पुन:संरचना सम्बन्धी अन्तरक्रिया कार्यक्रममा लेखनाथका स्थानीय नेताहरु लेखनाथलाई पोखरामा गाभ्न सहमत भएका हुन् ।

नेपाली काङ्ग्रेस लेखनाथ नगर सभापति राजेन्द्रमणि लामिछाने, नेकपा एमालेका लेखनाथ नगर समन्वय समितिका संयोजक शङ्कर पौडेल, नेकपा माओवादी केन्द्रका नगर अध्यक्ष शिबजी लामिछाने, नयाँ शक्ति नेपालका नगर अध्यक्ष नन्द बहादुर गुरुङले व्यानरमा हस्ताक्षर गर्दै लेखनाथलाई पोखरामा गाभ्न ऐक्यवद्धता जनाएका छन् । कार्यक्रममा स्थानीय तह पुन:संरचना आयोगका आमन्त्रित सदस्य महाप्रसाद ओझाले अन्तर्क्रियाको आवाज समेटेर अगाडि बढ्ने बताएका छन् ।

संचारकर्मी भिमपाणि बरालले तत्काललाई भन्दा पछिको लागि लेखनाथलाई पोखरामा समाहित गराउँदा फाईदा हुने बताए । लेखनाथ नागरीक समूहका सदस्य मिलन प्रसाद तिवारी, केपी ढुङ्गाना, उमनाथ लामिछाने, तारा अधिकारी, बिष्णु प्रसाद बाँस्तोला, नबिन बाबु पौडेल लगायतले लेखनाथ पोखरामा समाहित हुँदा फाईदा र वेफाईदा दुबै हुने बताए । कार्यक्रममा लेखनाथनलाई पोखरामा गाभ्ने र नगाभ्ने दुई व्यानरमा हस्ताक्षर समेत गराईएको थियो ।

## विश्वशान्तिको कामना गर्दै पोखरामा पूजा



**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २० कार्तिक ।**

पोखरको पुम्दी-भुम्दीमा रहेको विश्व शान्ति स्तुपमा शनिबार विश्व शान्ति पूजा सम्पन्न भएको छ । स्तुपाको १७औं बार्षिकोत्सवको अवसरमा हरेक वर्ष विश्व शान्ति स्तुपा समितिको आयोजनामा पूजा हुदै आएको छ । पूजाको उद्योग मन्त्री नविन्द्रराज जोशीले उद्घाटन गर्दै पोखराले पर्यटन विकासका लागि महत्वपूर्ण भूमिका खेलेको बताए । पोखरा प्राकृतिक रुपमा सुन्दर रहेकाले यहाँ पर्यटनको सम्भावना रहेको भन्दै उनले पर्यटन क्षेत्रको विकासमा सरकारले ध्यान दिने बताए ।

लुम्विनी विकास कोषका उपाध्यक्ष उपाध्यक्ष भिक्षु निग्रेध महास्थवीरले लुम्विनी विकासको गुरु योजना अनुसार अगाडि बढेको बताए । उनले विश्व शान्ति स्तुपा र लुम्विनी जस्ता पर्यटकीय क्षेत्रले नेपाललाई विश्वसामु चिनाउन भूमिका खेलेको स्पष्ट पारे ।

पूजाको अवसरमा जापान, भारत र नेपालका बिभिन्न स्थानका भिक्षु लगायत अन्य ब्यक्तिहरुले विश्वमा शान्तिको कामना गर्दै विश्व शान्ति पूजामा सहभागी भएका थिए । विश्व शान्ति स्तुप समिति पोखराको आयोजना भएको पूजामा संसाद शारदा पौडेल, बृन्दा राना, कास्कीका प्रमुख जिल्ला अधिकारी हरिप्रसाद मैनाली, पूर्व संस्कृति सचिव सुरेशमान श्रेष्ठ, जापानी प्रमुख नियून मेहोजी, लुम्बिनी विकस कोषका उपाध्यक्ष भिक्षु निग्रेध महास्थवीर, दार्जलिङ, लुम्विनी, काठमाडौं, पोखरा लगायतका बिभिन्न बुद्ध गुम्बाबाट भिक्षुहरु साथमा लामा गुरुहरुको सहभागिता रहेको थियो । विश्वमा शान्तिको कामना गर्दै लगायत सबैले धुप बालेर शान्तिको कामना गरिएको थियो । विश्वशान्ति स्तुप धार्किक एंव पर्यटकीय दृष्टिले निकै महत्वपूर्ण स्थल रहकाले संरक्षण तथा सम्बर्दनमा सबैले सहयोग गर्नुपर्नेमा विश्व शान्ति स्तुपमा समितिका सचिव उत्तममान बृद्धाचार्यले बताए । पूजाका अवसरमा स्तुपाको विकास र समृद्धिका लागि स्थापना गरिएको अक्षयकोषमा रकम सहयोग गर्ने तथा स्तुपाको मर्मतमा सहयोग गर्ने १ सय ७५ जना ब्यक्तिलाई सम्मान समेत गरिएको थियो । कार्यक्रम विश्व शान्ति स्तुपा समितिका अध्यक्ष प्रकाशमान गुभाजुको अध्यक्षतामा भएको थियो ।

## महाधिवेशन स्थगित गर्न माग

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं २० कार्तिक ।**

नेपाल तरुण दल असन्तुष्ट पक्षले यही कात्तिक २७ देखि २९ गतेसम्म हुने महाधिवेशन विधानसम्मत गर्न माग गरेको छ । असन्तुष्ट पक्षले आयोजना गरेको पत्रकार सम्मेलनमा तरुण नेता रमेश खरेलले ७५ वटै जिल्लाको अधिवेशन विधिसम्मत् ढङ्गले सम्पन्न गरेर मात्रै महाधिवेशनमा जानुपर्ने बताए । उनले भने- "महाधिवेशन पाँच पटक मिति तोक्दै स्थवगन गर्ने काम गरिएको छ, एकलौटि ढङ्गले महाधिवेशन गर्ने चेष्टा गरिए हामी कुनै हालतमा मान्दैनौं, समानान्तर समिति गठन गरी अगाडि बढ्छौं ।" विधान तथा प्रचारप्रसार समितिका संयोजक मेदनी सिटौलाले वर्तमान नेतृत्वले आफूहरुलाई महाधिवेशन नै नचाहेको जसरी चित्रण गरेको भनी आपत्ति जनाए ।

दलका पूर्वअध्यक्ष विनोद कायस्थले तरुण दल अहिले पनि जनताको आस्थाको केन्द्र भएको जनाउँदै एउटा पक्षले अर्को पक्षलाई पेलेर जाने हो भने त्यसले सङ्गठनलाई दीर्घकालीन असर पर्ने बताए । तरुण नेत्री लक्ष्मी खतिवडाले आफूहरु विधिवत् महाधिवेशनका पक्षमा रहेको बताउँदै विधि र प्रक्रियालाई मिचेर संस्थापन पक्ष एकलौटि ढङ्गले अघि बढे सशक्त प्रतिकार गरिने चेतावनी दिइन ।

## बन्द उद्योग छिट्टै संचालन-जोशी

**गोल्डेन न्यूज संवाददाता**
**बाग्लुङ २० कार्तिक ।**

उद्योगमन्त्री नवीन्द्रराज जोशीले बन्द अवस्थामा रहेका उद्योग छिटै सञ्चालन हुने बताएका छन् । नेपाल वन पैदावर फर्निचर उद्योग व्यवसायी सङ्घ बागलुङको दोस्रो वार्षिक साधारणसभाको आज यहाँ उद्घाटन गर्दै उहाँले आद्योगिक विकास सरकारको प्राथमिकतामा रहेको उल्लेख गरे । मन्त्री जोशीले नेपाल औषधि लिमिटेडपछि हेटौंडा कपडा उद्योग सञ्चालन गर्ने तयारीमा सरकार रहेको बताए ।

'नेपाल औषधि लिमिटेडबाट सिटामल र जीवन जल उत्पादनको तयारीमा छ, नागरिकलाई अत्यावश्यक पर्ने औषधि सुलभ मूल्यमा उपलब्ध गराउने लक्ष्य छ' मन्त्री जोशीले भने । हेटौंडा कपडा उद्योगलाई छिट्टै सञ्चालनमा ल्याएर पहिलो चरणमा सेना, प्रहरी, कर्मचारी र विद्यार्थीका पोसाक उत्पादन गरिने उनको भनाइ छ । उनका अनुसार बजारमा प्रतिस्पर्धी कपडाका सामानसमेत सोही उद्योगबाट उत्पादन गर्दै जाने लक्ष्य सरकारले लिएको छ । मन्त्री जोशीले लामो समयदेखि बन्द अवस्थामा रहेको बुटवल धागो कारखाना र वीरगञ्ज चिनी उद्योग निजी क्षेत्रलाई दिएर सञ्चालन गर्ने योजनामा सरकार रहेको बताइ । उनले कतिपय उद्योग धन्दा चर्को ऋणमा डुबेको भन्दै त्यस्ता उद्योग, धन्दा सञ्चालनमा राज्यले गम्भीरतापूर्वक सोंच्नुपर्ने धारणा राखे। मन्त्री जोशीले उद्यमशीलताको विकासबिना मुलुक आर्थिकरुपमा समृद्ध नहुने भन्दै सबैलाई उद्यमी बन्न आग्रह गरे । मन्त्री जोशीले नेपालमा वन पैदावर र कृषिमा आधारित उद्योग धन्दाको राम्रो सम्भावना रहेको धारणा राखे । औद्योगिक विकास, उद्यमशिलताको सिर्जना र रोजगार प्रवर्द्धनका लागि सरकारले आवश्यक ऐन, कानुनहरुको निर्माण गरिरहेको मन्त्रीले जोशीले जानकारी दिए ।

## तीन महिनामा डेढ अर्ब बढी राजस्व संकलन

**पोखरा २० कार्तिक ।**

आन्तरिक राजस्व कार्यालय पोखराले चालू आर्थिक वर्ष २०७३/७४ को तीन महिनामा रु एक अर्ब ५४ करोड ६८ लाख ४४ हजार राजस्व सङ्कलन गरेको छ । कार्यालयले सो आवको साउन, भदौ र असोज महिनामा रु एक अर्ब सात करोड ४९ लाख ४४ हजार राजस्व सङ्कलन गर्ने लक्ष राखेको थियो । राजस्व सङ्कलन १४३ प्रतिशतसम्म भएको छ । जस अन्तर्गत आयकरमा रु ३६ करोड २५ लाख ८२ हजार, मूल्य अभिवृद्धि करमा रु २८ करोड ८२ लाख ७४ हजार, अन्त शुल्कमा रु ७९ करोड ८४ लाख ६५ हजार, घर भाडामा रु तीन करोड १५ लाख २७ हजार र स्वास्थ्यमा रु एक करोड ९६ लाख ९२ हजार र बाँकी अन्य शिर्षकमा राजस्व सङ्कलन गरेको कार्यालयका सूचना अधिकारी विजय लामिछानेले जानकारी दिए।

कार्यालयले आयकरमा १५३, घर भाडामा १२८, मूल्य अभिवृद्धिकरमा ११९, अन्तशुल्कमा १६४ र स्वास्थ्य सेवामा १६४ प्रतिशत कर सङ्कलन गरेको छ ।

**पोखरा उप-महानगरपालिकाद्वारा नगरवासीको हितमा जारी गरिएको अत्यन्त जरूरी सूचना !**

**स्थानीय स्वयत्त शासन ऐन २०५५, फोहोरमैला व्यवस्थापन ऐन २०६८, नेपाल सरकारका निर्णय २०७३, पोखरा उप-महानगरपालिकाद्वारा जारी वातावरण तथा सरसफाइ निर्देशिका २०७२, पोखरा उप-महानगरपालिकाको २०औं नगरपरिषद्को निर्णय समेतका आधारमा पोखरा उप-महानगरपालिका क्षेत्रभित्र प्लाष्टिक झोला, प्लाष्टिक गिलास प्रयोग तथा विक्री वितरणलाई मिति २०७३ कार्तिक २४ गतेदेखि पूर्णत: निषेध गर्दै पोखरा उप-महानगरपालिकालाई प्लाष्टिक झोवा एवं प्लाष्टिक गिलास निषेध क्षेत्र घोषणा गर्ने कार्यक्रम रहेको छ।**

**तसर्थ मिति २०७३ साल कार्तिक २० गतेसम्म आ-आफूसंग रहेका प्लाष्टिक झोला एवं गिलास तत्कालै व्यवस्थापन गर्नु/गराउनुहुन हुन अनुरोध छ। घोषणा पश्चात् खटिने अनुगमन टोलीबाट अनुगमनको क्रममा उपरोक्त अनुसारको निषेधित वस्तु फेला परेमा जो कोहीलाई कडा भन्दा कडा कार्वाही हुने हुँदा आइन्दा प्लाष्टिकका झोला एवं प्लाष्टिकका गिलास विक्री वितरण, प्रयोग नगर्नु/नगराउनुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।**

**वसन्त प्रसाद चालिसे**
**संयोजक, वरिष्ठ निरीक्षक**
**पोखरा उप-महानगरपालिका कार्यालय, पोखरा-८, न्यूरोड**

## सम्पादकीय ...

# कुटनीतिमा सुधार गर

भारतका राष्ट्रपति प्रणवकुमार मुखर्जी नेपालको राजकीय भ्रमण समाप्त गरेर फर्किसकेका छन् । उनको स्वागतमा मूलतः सरकारी सुरक्षा व्यवस्थाका कारण जनस्तरको स्वतःस्फूर्त सहभागिता त हुनसकेन तर राजनीतिक दलका नेताहरूको उपस्थितिलाई नै पर्याप्त ठान्ने मानसिकता भएका नेता र कर्मचारीका दृष्टिमा जनताको महत्त्व त्यति हुँदा पनि हुँदैन । त्यसमाथि अपेक्षाकृत सचेत युवाको सहभागिता रहेको सामाजिक सञ्जालहरूमा भारतप्रतिको रोष बढी नै व्यक्त भएको देख्दा जनतालाई सडकमा स्वागतार्थ आउने मौकै नदिएकोमा सुरक्षा अधिकारीहरूले सन्तोष मानेका होलान् । जेहोस्, सुरक्षाकर्मीका ज्यादतीका केही खबरबाहेक अरू अप्रिय घटना नभईकनै राष्ट्रपति मुखर्जीको भ्रमण सम्पन्न भयो । सरकारी अधिकारी, भारतीय राजदूतावास र नेपालका सुरक्षाकर्मीले सन्तोषको सास फेरेको हुनुपर्छ । आलङ्कारिक राष्ट्रपतिको भ्रमणबाट सांकेतिकरूपमा मात्र सम्बन्धमा सुधार हुने हो । राष्ट्रपति मुखर्जीको भ्रमणको पनि महत्त्व र सीमा पनि त्यसको अपवाद बन्न सक्तैन । नेपालमा उनको स्वागत गरियो र उनले नेपाल बसाइ क्रममा आनन्दको अनुभूति गरेको बिदाइका बेला व्यक्त गरेका छन् । आतिथेय मुलुकका लागि यो नै हर्षको विषय हो । कम्तीमा पाहुना त रिसाएनन् नि । नत्र, भारतसँगको चिसिएको सम्बन्ध राजनीतिक दलका नेताले जति नै लोलोपोतो पारे पनि सजिलै सहज र न्यानो हुनसक्तैन । भूकम्पलगत्तै भारत सरकारले नेपालीमाथि थोपरेको अघोषित नाकाबन्दीमात्र हैन नेपालको आन्तरिक मामिलालाई अन्तर्राष्ट्रियकरण गर्दै नेपाललाई अप्ठेरोमा पार्न लन्डन र जेनेवालगायतमा गरेको प्रयत्न न जनताले छिटै बिर्सन सक्छन् न राज्यले नै बिर्सन हुन्छ । कूटनीतिकरूपमा दुवै पक्षले जति नै मीठो बोले पनि नाकाबन्दीभन्दा पनि नेपालको आन्तरिक मामिलालाई अन्तर्राष्ट्रिय मञ्चमा उठाउने भारत सरकारको कदम शत्रुतापूर्ण हो । सजिलै बिर्सने नेपाली जनमानसमा पनि त्यसको घाउ पुरिन लामै समय लाग्नसक्छ । यसैले 'मैले नेपाल सरकार र नेपाली जनताबाट अत्यधिक न्यानोपन प्राप्त गरेँ । यसले नेपाल र भारतबीचको पुरानो बहुआयामिक र जनस्तरको सम्बन्ध प्रतिबिम्बित गरेको छ ।' भनेर बिदा भएका राष्ट्रपति मुखर्जीलाई धन्यवाद भन्नु हाम्रो शिष्टाचार पनि हो । त्यसो त उनले सहायताका केही घोषणा पनि गरेका छन् । नेपालसँग सल्लाह गरेरै घोषणा गरेका होलान् । तर, अब नेपालले अरू कसैले दिएको सबै ग्रहण गर्ने दरिद्र प्रवृत्तिमा पनि पुनर्विचार गर्नुपर्छ । राष्ट्रपति मुखर्जीले संविधान कार्यान्वयनमा सबैलाई समेट्न भनेका र मधेसी नेताहरूलाई संविधान संशोधनसम्म पर्खन भनेको समाचार सार्वजनिक भएका छन् । कार्यकारी प्रमुखकै शैलीमा उनले नेपालका विभिन्न राजनीतिक दलका नेतालाई भेटेका छन् । छिमेकी मुलुकका राष्ट्रपतिसँग शिष्टाचार भेट गर्नु र पार्टीको प्रतिनिधिमण्डल गएर मुलुकको राजनीतिक अवस्थामा छलफल गर्नु पक्कै उस्तै होइन । यस प्रकारको भेटघाट उचित र आवश्यक थियो कि थिएन भन्ने विषयमा नेपालमा बहस हुनुपर्ने देखिन्छ । संविधान जारी गर्नुभन्दा पहिले नेपालका नेताहरू विशेषगरी शेरबहादुर देउवा र पुष्पकमल दाहालले अनि संविधान जारी भएपछि तत्कालीन परराष्ट्र मन्त्री कमल थापाले दिल्लीमा दिएको आश्वासन पूरा नगरेकाले भारतीय शासकहरू रिसाएका र नाकाबन्दी लगाएका चर्चा उति बेला चलेको थियो । अहिले पनि कुनै आश्वासन कसैबाट दिइएको भए तत्काल सार्वजनिक गरी जनताको विश्वास लिनु उचित हुनेछ । त्यस्तो खबर जनता आफैँले थाहा पाए भने आक्रोश बढ्नेछ । स्वभावअनुसार त अब केही दिन नेपाल सरकारका पदाधिकारीले आनन्दले बिताउनेछन् । भारतसँगको सम्बन्ध नयाँ उचाइमा पुगेको बखान गर्नेछन् र जनतालाई सपना देखाउन थाल्नेछन् । तर स्वभाव जस्तो भए पनि समयले तिनलाई त्यसरी सुस्ताउने मौका दिएको छैन । महाभियोगको प्रस्तावमा सकेसम्म चाँडै सहमति गरेर टुंगो लगाउने र संविधान संशोधन प्रक्रिया अगाडि बढाउने कार्यमा अलमल गर्न समय छैन । यसैगरी अतिप्रभावित भनिएका १४ जिल्लाबाहिरका भूकम्पपीडितलाई सहयो उपलब्ध गराउन अब पनि ढिलो गर्नु अपराध हुन्छ । मूलतः यी आन्तरिक विषयमा सरकारको ध्यान केन्द्रित हुनुपर्छ भने चीनसँगका सम्झौता कार्यान्वयनमा अग्रसरता देखाएर चिनियाँहरूको मनमा पसेको चिसो मेटाउनुपर्छ । यसै पनि चीनसँगका सम्झौता कार्यान्वयनमा इमानदार बन्नु नेपालकै समेत हितमा हुन्छ । भारतको आडमा चीनलाई चिढ्याउने काम हुन थाल्यो त्यो राष्ट्रका लागि प्रत्युत्पादक हुनेछ । यस्ता विषयमा विपक्ष पनि चनाखो र मुखर हुनुपर्छ । चीन र भारतसँगको मित्रतालाई एकअर्काको विकल्पमा लिनु मूर्खता हुनेछ । आशा गरौँ, पञ्चायत कालदेखिकै यो कपट कूटनीति नेपालले अब त्याग्नेछ ।

## आजको पञ्चाङ्ग

**मिति २०७३ साल कार्तिक २१ गते आइतबार, तदनुसार नोबेम्बर ६ सन् २०१६, श्रीशाके १९३८, नेपाल संवत् ११३७, सौम्यनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शरद ऋतु चलिरहेको छ। चान्द्रमान अनुसार कार्तिकशुक्लपक्ष चलिरहेको छ। सौरमान अनुसार आज कार्तिकशुक्लपक्षको सप्तमी तिथि अहोरात्र रहनेछ। आज सूर्य वृश्चिक राशिमा, चन्द्रमा मकर राशिमा अहोरात्र रहनेछ। आज दिनमान २७ घटि २६ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर १७ मिनेटमा रौद्र मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर १६ मिनेटमा हुनेछ।**

## आजको राशिफल

**मेष** : टाढाबाट धन प्राप्ति हुने, सामाजिक क्षेत्रबाट सम्मान पाइने, राजनैतिक सक्रियता बढ्नेछ, समय राम्रो छ ।

**वृष** : मानसिक पीडा थपिदै जाजे, आम्दानीमा गिरावट हुने, साथीभाईसँग मनमुटाव बढ्ने, शत्रुहरु सक्रिय हुनेछन् ।

**मिथुन** : आदरसत्कार पाइने, पारिवारिक सहयोग मिल्ने, नयाँ क्षेत्रमा लगानी गर्दा मनग्य आम्दानी हुनेछ दिन शुभछ ।

**कर्कट** : आफन्तले कुरा काट्नेछन्, आटेको कार्य अधुरा रहन सक्ने, नयाँ कार्यमा लगानी गर्ने योजना विफल हुनेछन् ।

**सिंह** : पढाईमा लगनशीलता, धार्मिक क्रियाशीलता, राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ, टाढाको मित्र सँग भेटघाट हुने।

**कन्या** : आफ्नै मान्छेबाट धोका हुनेछ, यात्रामा सावधानी अपनाउनु पर्ने, दिन शुभ रहने छैन, जोगिनु होला ।

**तुला** : चोटपटकको भय, दिनभर नैराश्यता हुने, व्यापार व्यवसायमा मन्दी आउनेछ, मनमा अशान्ति छाउनेछ ।

**वृश्चिक** : मानसिक शान्ति मल्ने, नयाँ ठाउँको भ्रमण हुनसक्ने, आफ्नै पेशाप्रति सन्तुष्टि हुने, सबै काम सजिलै सम्पन्न ।

**धनु** : धन हराउन सक्ने सम्भावना रहेकोछ, स्वास्थ्यमा गडबढी, प्रेममा धोका हुन सक्ने दिन खराब छ ।

**मकर** : आम्दानीमा वृद्धि, आफ्नै पेशाप्रति असन्तुष्टि, मिष्ठान्न भोजन प्राप्ति, हराएको बस्तु फेला पर्ने सम्भावना छ ।

**कुम्भ** : जमिन लाभ, नयाँ कार्यमा लगानी, महत्वपूर्ण उपलब्धि हाँसिल,दिन सबै प्रकारले शुभ रहने ।

**मीन** : गरेको प्रयास अर्थहिन हुन सक्नेछन्, नकरात्मक सोचाइ बढ्ने, पारिवारिक कलहमा वृद्धि हुनेछ सर्तक रहनुहोला ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# ह्विलचेयरसहित डोकोमा अन्नपूर्ण यात्रा

'गजेन्द्र, अन्नपूर्ण हिमालतिर घुम्न जाने हो?'

पूर्व सहकर्मी पत्रकार तथा लेखक ददि सापकोटाले करिब दुई महिनाअघि फेसबुक म्यासेन्जरमा अनौठो प्रस्ताव राख्नुभयो। २०६५ असोज ८ गते सडक दुर्घटनामा परेर मेरुदण्डको पक्षघात (स्पाइनल कर्ड इन्जुरी) भएपछि मलाई काठमाडौंभित्रै यताउति आवतजावत गर्न कठिनाइ हुन्छ। काठमाडौं बाहिर र त्यसमाथि पदयात्रा क्षेत्रको भ्रमण त मेरो लागि कल्पनाभन्दा बाहिरको कुरा थियो। गत पुसमा आमाको निधन हुँदा अत्यन्तै सकसपूर्ण ढंगले गाईघाटस्थित घरसम्म पुगेको थिएँ। त्यही सम्झेर मैले भनेँ, 'हुँदैन, मलाई समस्या हुन्छ।' ददिजीले सम्झाउँदै भन्नुभयो, 'हामीले शारीरिक रूपमा अपांगता भएकै व्यक्तिलाई यो यात्रामा लैजान खोजेका हौं, त्यस्तो अप्ठ्यारो केही हुन्न।' मैले तैपनि आँट गरिहाल्न सकिनँ। जवाफ दिएँ, 'होइन, नजाउँ होला, बरु अरू नै अलिअलि अपांगता भएका व्यक्ति कसैलाई लग्नुस् न है।'

मैले नजाने मुड बनाइसकेको थिएँ, ददिजीले भने पिछा छाड्नुभएन। केही दिनपछि फेरि सन्देश पठाउनुभयो, 'हुँदैन, सक्दिनँ त जसले पनि भन्छन्, मन-मुटु दह्रो बनाए केही असम्भव हुँदैन। हामी सहयोग गर्ने छँदैछौं। तपाईंजस्तै अपांगता भएको ११ वर्षको बच्चा यही यात्राका लागि स्विट्जरल्यान्डदेखि आउँदैछन्। यो यात्रामा तपाईं र त्यही स्विस बच्चा जाने हो। कुनै पिर लिनु पर्दैन। सहयोगीका रूपमा तपाईं श्रीमतीलाई पनि लान सक्नुहुन्छ।'

मैले श्रीमतीसँग सल्लाह गरेँ। 'सहयोगी हुने भए जानुस् न त,' उनले पनि मलाई हौस्याइन्।

सुरुमा उनी पनि मसँगै जाने योजना थियो। पछि उनी कार्यरत बैंकमा लामो बिदा मिलेन। त्यही भएर १३ वर्षको छोरा सुयोगलाई लिएर यही कात्तिक ३ गते हामी काठमाडौंबाट पोखरा हुँदै अन्नपूर्ण पदयात्रा मार्गको सफरमा निस्कियौं। साथमा थिए, यात्रा संयोजक स्विस मनोविज्ञानविद् प्याथ्रिक जनेन, फ्रान्सलाई नै कार्यभूमि बनाउँदै आएका लेखक ददि सापकोटा, एक किसिमको मस्तिस्क पक्षघात (सेलिब्रल पाल्सी) बाट प्रभावित ११ वर्षीय स्विस बालक आन्त्वान, उनका पिता क्लोद बेदमेयर, आमा क्यारिन र उनका १२ वर्षीय दाइ आद्रियाँन।

बुद्ध एयरले हामीलाई पोखरामा ओराल्यो। त्यहीँ भेटिए हाम्रा सहयोगीहरू अनिल कार्की, रमेश भण्डारी, कृष्ण लामा, भरत थापा र कृष्ण कार्की। किम्चेसम्मको दुरी टाटा सुमोमा तय गरेपछि करिब १ बजेबाट हाम्रो डोको यात्रा सुरु भयो। सुरुमा त मलाई निकै डर लागेको थियो। किनकि, हाम्रा सहयोगीहरू मभन्दा अलिकता पातला देखिन्थे। स्विस भाइ आन्त्वानलाई बोक्न समस्या थिएन। ऊ अलिअलि लर्खराउँदै भए पनि हिँड्न सक्थ्यो। त्यसको तुलनामा ६०-६५ किलो तौल भएको र आधा शरीर नचल्ने मान्छेलाई बोकेर हिँड्न सम्म बाटोमा त कठिन हुन्छ भने त्यो पहाडी उकाली-ओरालीमा सहज हुने कुरै भएन।



किम्चेबाट उकालो लागेको करिब एक घन्टापछि मौसम धुम्मियो। पानी पर्लाजस्तो भयो। नपरे पनि अचानक मेरो शरीर काम्न थाल्यो। मलाई पहिलो दिन नै कतै 'युरिन इन्फेक्सन' त भएन भन्ने डर लाग्यो। त्यसो भइदिएको भए यात्रा छाडेर फर्कनुपर्ने हुन सक्थ्यो। हामी स्पाइनल कर्ड इन्जुरी भएका मानिसको मुख्य समस्या नै पिसाबमा हुने संक्रमण हो। हामीलाई बेलाबेला यस्तो समस्याले सताइरहन्छ। यस्तो बेला दिसापिसाब आफैं प्राकृतिक रूपमा हुँदैन। क्याथेटर राखेर पिसाब निकाल्नुपर्ने हुन्छ। समयमै निकालेन भने त्यसले नै संक्रमण गराउँछ।

मानिसको मुत्रथैली कसैको कसिलो त कसैको खुकुलो हुने रहेछ। कसिलो मुत्रथैली भएका मानिसले धेरै बेर पिसाब रोक्न र जम्मा गर्न सक्दा रहेछन्। खुकुलो मुत्रथैली भएका मानिसको भने थैली भरिएपछि आफैं चुहिएर भए पनि मुत्रथैली केही खाली हुने रहेछ। मेरो मुत्रथैली खुकुलो थियो। म यसलाई आफ्नो समस्या मान्थेँ। यही समस्या यात्राका क्रममा मलाई 'पिसाब संक्रमण' बाट बचाउने समाधान बनिदियो। मैले पिसाब चुहिएर कपडा नभिजोस् भनी 'एडल्ट डाइपर' लगाएँ, जुन अरू बेला पनि प्रयोग गर्छु।

मलाई सहयोगीहरू कृष्ण लामा, भरत थापा र रमेश भण्डारीले पालैपालो डोकोमा बोकेर साँझ घान्द्रुक पुर्याए। पहिलो दिनको यात्रा भएकाले मलाई कति समयमा अप्ठेरो पर्दो रहेछ भन्ने बुझ्न सहयोगीहरूलाई समय लाग्यो। हाम्रा सामान भने खच्चरलाई बोकाएर लगिएको थियो। गुर्जुङका जसबहादुर गुरुङले खच्चरको व्यवस्थापन गरेका थिए।

जसबहादुरकी छोरी विपनालाई १५ वर्षअघि काका नाता पर्नेले बलात्कार गरेर खोलामा फ्याँकेको थियो। नेपाल घुम्न आएका स्विस मनोविज्ञानविद् प्याथ्रिक जनेनले त्यो घटनाबारे थाहा पाएर १४ वर्षदेखि नै जसबहादुरको परिवारलाई सहयोग गर्दै आएका रहेछन्। उनले म र आन्त्वानलाई जसबहादुरको गुर्जुङस्थित घरमै राख्ने व्यवस्था मिलाएका रहेछन्। यसको पछाडि कारण रहेछ। प्याथ्रिक हामीमार्फत् जसबहादुरलाई के बुझाउन चाहँदा रहेछन् भने, संसारमा तिमी मात्र दुःखी छैनौ, फरक-फरक प्रकृतिका मान्छेले फरक-फरक दुःख भोगिरहेका छन्।

भोलिपल्ट करिब पाँच घन्टाको कठिन यात्रा गरेर हामी गुर्जङ पुग्यौं। बाटोमा 'अब कति बाँकी छ' भनेर सोध्दा जसबहादुर र अरू स्थानीय भन्थे, 'आधा घन्टा पर छ।'

हामीले जतिचोटि सोधे पनि उनीहरू त्यही जवाफ दिन्थे। ठाडो उकालोमा मलाई डोकोमा पनि कठिन भइरहेको थियो। हामीलाई बोक्ने सहयोगी साथीहरूलाई त झन् कति गाह्रो भयो होला! अघिल्लो दिनको अनुभवबाट मैले सहयोगी साथीहरूलाई लामो दुरीसम्म नबोकी, थोरैथोरै दुरीमा बोक्न र ठाउँ-ठाउँमा बिसाउँदै लैजान अनुरोध गरेँ। स्विस मनोविद् प्याथ्रिकले कात्तिक ५ गते जसबहादुरकी छोरी विपनाको आत्मशान्तिका लागि लामा पाठ र गुरुङ संस्कृतिअनुसार अर्घौं गराए। हाम्रा लागि यो नौलो अनुभूति थियो।

अन्नपूर्ण हिमाल हेर्न र हिमालको अनुभूति समेट्न हिँडेको मेरा लागि अहिलेसम्म हिमालसँग साक्षात्कार हुने अवसर मिलेको थिएन। पोखरा ओर्लिएदेखि नै दिन धुम्मिएका थिए। पानी पर्लापर्लाजस्तो भएर बादल लागेको थियो। अग्लाअग्ला पहाडहरूबीचको गुर्जुङबाट हिमाल देख्न पाइएको थिएन। शनिबार बिहानै हामी गुर्जङबाट छोमरुङका लागि हिँड्यौं। यो अझ कठिन मार्ग थियो।

हामी अन्नपूर्ण साउथको फेदीतिर लाग्दै थियौं। छोमरुङको उचाइ २,१७० मिटर हाराहारीमा छ भने हामी बसेको गुर्जङको उचाइ २,०५० मिटर लेखिएको थियो। हामी निकै कठिन उकालो चढेर फेरि तल झर्यौं। उचाइ मापक त थिएन, तर त्यो पहाडको उकालो २,२०० देखि २,४०० कै बीचमा हुनुपर्छ भन्ने मेरो अनुमान छ। एक्लै हिँड्न त गाह्रो हुने त्यो कठिन र ठाडो उकालोमा सहयोगीहरू रमेश भण्डारी र भरत लामाले मलाई पालो गरी-गरी छोमरुङ पुर्याए।

आइतबार बिहान साढे ५ बजे उठेर आँखैअगाडि अन्नपूर्ण हिमशृंखला र माछापुच्छ्रे हिमालको अनुभूति लियौं। म भित्री मधेसमा जन्मेहुर्के। हिमालले जहिल्यै मलाई खिचिरह्यो। ११ वर्षको हुँदा बुबासँग रौता पोखरी जाँदा त्यहाँबाट देखिने मधुरो सगरमाथा र अन्य हिमालले जति आह्लादित बनाएको थियो, ४० वर्षको उमेरमा अन्नपूर्ण साउथ आँखैअगाडि देखिँदा त्यति नै पुलकित भइरहेको थिएँ। मसँगै गएको मेरो १३ वर्षको छोरा सुयोग दंग पर्दै तस्बिरहरू खिचिरहेको थियो। दिउँसो ११ बजेतिर छोमरुङबाट फेरि गुर्जुङतिर झर्यौं। उकालो चढ्न जति कठिन हुन्छ, ओरालो झर्न त्योभन्दा गाह्रो हुन्छ। त्यसमाथि शारीरिक अपांगता भएका व्यक्तिलाई बोकेर ठाडै नाक सोझी ओरालो झर्नु जोखिमयुक्त पनि थियो। हरेक पाइलामा मेरा सहयोगीहरूले विचार पुर्याइरहेका थिए। चिप्लेर, ट्रेकिङ रुटमा बिछ्याइएका ढुंगा पल्टिएर लडी हाले, दुवैको ज्यान जोखिममा पर्न सक्थ्यो। यही सोचेर होला, टोली नेतृत्व गरिरहेका अनिल भाइले भने, 'छोटो-छोटो गरौं है (स-सानो दुरीमा मात्र बोकौं)।'

यसरी अरूका पिठ्युँमा चढेर पदयात्रा पूरा गर्दा देख्ने-सुन्नेलाई जति सहज लागेको हुनसक्छ, वास्तविकता अलि फरक छ। आधा शरीर नचले पनि डोकोसँगै बुर्लुक्क बुर्लुक्क उफ्रिरहँदा मेरुदण्डलाई कसेका टाइटेनियम पाताहरू मर्याकमुरुक्क भएर दुख्थे। एकपटक त ढाड असाध्यै दुखेर प्राणै जालाजस्तो पीडा भयो। मैले दुर्घटनापछिका आठ वर्षमा पीडालाई बेवास्ता गर्ने अभ्यास गर्दै आएको छु। आफ्नो ध्यानलाई पीडा भइरहेको अंगबाट हटाएर अन्यत्रै लैजाने प्रयास गर्छु। यसका लागि कुराकानी गर्ने, रमाइलो गर्ने, संगीत सुन्ने, फिल्म हेर्ने र किताब पढ्ने गर्छु। केही सीप लागेन भने मात्र पेनकिलर खान्छु। त्यो रात म पेनकिलर नखाई सुत्न सकिनँ।

सुरुमा हाम्रो छोमरुङबाट घुमेर लान्द्रुक हुँदै पोखरा फर्कने योजना थियो। तर, सामान बोक्ने भरियाको प्रबन्ध नभएकाले हामी फेरि गुर्जुङ र घान्द्रुक हुँदै पोखरा फर्कियौं। लगातार हिँडाइले सहयोगी साथीहरूलाई समस्या हुने भएकाले हामीले गुर्जुङमा एक रात र घान्द्रुकमा दुई रात बितायौं। प्याथ्रिक जनेनले घान्द्रुकका स्थानीयमाझ विपनाको वास्तविक कथामा आधारित भएर लेखेको पुस्तक 'ल लेजँन्द दु विपना'को कथा बाचन गरेर सुनाए। त्यो कथा बाचनमा हामीलाई त्यहीँ भेट भएकी फ्रेन्च गायिका मारियाले पनि साथ दिइन्।

दस दिनको यो 'डोको पदयात्रा' जति अद्भूत, अनौठो र रोचक थियो, त्यति नै जोखिमपूर्ण पनि थियो। आधा शरीर पूर्ण रूपमा नचल्ने 'प्याराप्लेजिक' म, आफ्नो शरीरमाथि नियन्त्रण नभएका ११ वर्षीय स्विस भाइ आन्त्वानलाई बोकेर उकाली-ओराली चढ्दा जे पनि हुनसक्थ्यो। लगातार डोकोमा बस्दा छालाको घाउ (बेडसोररप्रेसर सोर) हुन सक्थ्यो। पिसाब संक्रमण हुनसक्थ्यो। धन्न केही भएन। यात्रामा जानुअघि ट्विटरमा रहनुभएका डाक्टर मित्रहरूको सुझावमा केही क्रिम र औषधि बोकेको थिएँ। मेरो छोराले 'केयरटेकर' का रूपमा हरेक बेलुका घाउ भए-नभएको हेर्ने, छालामा मोइस्चराइजर क्रिम लगाइदिने गरिरह्यो।

आठ वर्षअघि सडक दुर्घटनामा परेर अपांगताको अवस्था बेहोर्नुपर्दा मैले सोचेको पनि थिइन, एक दिन म अन्नपूर्ण हिमालको फेदीसम्म पुग्छु भनेर। सात वर्षअघि दैनिकी डटकमको सम्पादक हुँदा फोटोसपमा चल्दाचल्दै सगरमाथा आधारशिविरको फोटोमा आफ्नो फोटो टाँसेको थिएँ। लगभग त्यही बेला हिँड्न नसके पनि अल्ट्रालाइटमा भए पनि उडेरै छाड्छु भनेर फेसबुकमा स्ट्यास लेखेको थिएँ। यसपटक ती सबैभन्दा अलिकता फरक अनुभूति लिएँ। यसै वर्ष भदौ ९ गते ह्विलचेयरसहित केबलकार चढेर चन्द्रागिरि पर्वतको शिखरमा पुगेँ अनि कात्तिकमा डोको ट्रेक। आज सम्झिरहेको छु, टिचिङ अस्पतालको बेडमा लडिरहँदा एक डाक्टरले आफ्ना साथीहरूलाई भनेका थिए, 'हिज लाइफ इज युजलेस्, नथिङ क्यान डु, लाइक डेड बडी।'

बाँच्ने उत्प्रेरणा मलाई त्यसले पनि मिलेको हो। अपांगता अन्त्य होइन, यसभित्र पनि बाँच्ने, रमाउने, समाजमा केही गरेर देखाउने सम्भावना खोज्न सकिन्छ भनेरै मैले यो चुनौती मोलेँ। यो चुनौती मोल्न मलाई उत्प्रेरणा दिनुहुने, यात्राको सम्पूर्ण व्यवस्थापन गरिदिनुहुने ददि सापकोटा, प्याथ्रिक जनेन, कठिन यात्रालाई सम्भव तुल्याइदिने पाँचै जना सहयोगी, क्लोद बोदमेयर र उनका परिवारसहित सबैप्रति आजीवन अनुग्रहित छु।

अहिलेसम्म दुवै हात वा दुवै खुट्टा नभएका र दृष्टिविहीनले सगरमाथा आरोहण र कृत्रिम हातखुट्टा राखेर पदयात्रा सम्पन्न गर्ने गरेका भए पनि पूर्ण रूपमा शरीर चल्दै नचल्ने 'प्याराप्लेजिक' अपांगता भएका व्यक्तिका रूपमा म पहिलोपटक हिमालको फेदीसम्म पुगेको छु। यो मेरा लागि मात्र नभएर नेपालभरि कुनै न कुनै रूपमा अपांगता भएका व्यक्तिका लागि समेत चाहना भए, साथ, सहयोग र समन्वय भए पहुँचयुक्त पर्यटनको सम्भाव्यता केलाउन सकिने बाटो खुलेको छ भन्ने मलाई लाग्छ।

❖**गजेन्द्र बुढाथोकी**/सेतोपाटी

# चुनावी रणनीति बनाउँदै एमाले मधेसमा

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं २० कार्तिक ।**

भारतीय राष्ट्रपतिको भ्रमणले काठमाडौंमा राजनीतिक माहौल तताइरहेको बेला प्रमुख प्रतिपक्षी पार्टी एमालेका शीर्षस्थ नेताहरू भने मधेस हानिए । नेपालीहरूको ठूला चाड दसैं, तिहार, नेपाल सम्वत् र छठको सन्दर्भ पारेर एमालेले २ नम्बर प्रदेश कमिटीले जनकपुरको धनुषामा चियापान सहितको सभाको आयोजना गरेको हो । एमाले दुई नम्बर प्रदेश आयोजक रहेको सभामा एमाले वरिष्ठ नेताद्वय झलनाथ खनाल, माधवकुमार नेपाल, महासचिव इश्वर पोखरेल, उपमहासचिव घनश्याम भुषाल, सचिवत्रय योगेश भट्टराई, प्रदीप ज्ञवाली, गोकर्ण विष्ट सांसद रवीन्द्र अधिकारीलगायत एमाले शीर्षस्थ नेताहरू उपस्थित भएर पार्टीका धारणा राखेका थिए ।

सभामा दुई नम्बर प्रदेशका अतिरिक्त अन्य प्रदेशका नेता-कार्यकर्तासमेत उपस्थित रहेको एमालेले जनाएको छ ।

'एमाले कसरी मधेस छिर्दोरहेछ हामी पनि हेर्छौं भनेर मधेसकेन्द्रित लगायत अन्य प्रतिष्पर्धी पार्टीले हामीलाई खबरदारी गरेका थिए, पार्टीको योजना अनुसार नै हामीले जनकपुरमा सभा आयोजना गरेका हौं,' कार्यक्रमबारे स्थायी कमिटी सदस्य एवम् एमाले दुई नम्बर प्रदेशका संयोजक सत्यनारायण मण्डलले बाह्रखरीसँग भने ।

सभाले मधेसमा सकारात्मक सन्देश छरेको बताउँदै मधेसमा नयाँ तरंग नै पैदा गरेको उनको भनाइ थियो । 'जिल्ला-जिल्लामा स-साना कार्यक्रमहरू त भइरहेकै थिए तर प्रदेशस्तरीय सभा यो पहिलो हो, यसले मधेसका जनतामा नया उत्साह सञ्चार गरेको छ, यसलाई अभियानै रूपमा अघि बढाउँछौं,' उनले बताए ।

'विशेष गरेर मधेस आन्दोलन पछाडि एमालेलाई मधेस विरोधी पार्टीको रूपमा जवरजस्त उभ्याउन खोजियो । वास्तवमा त्यस्तो थिएन, गरिबी, अशिक्षा, बेरोजगार नै मधेसको प्रधान शत्रु हुन् तर एमालेलाई बनाउन खोजियो, यसलाई हामीले चिर्न सफल भयौं,' मण्डलले सभाबारे प्रष्ट्याए ।

उनका अनुसार यो आगामी स्थानीय तह र प्रदेशको हुन लागेको चुनावी रणनीति पनि हो । सभामा एमाले वरिष्ठ नेता नेपाल र ईश्वर पोखरेलले मैथलीमा भाषण गर्दै पार्टी अध्यक्ष केपी ओली नेतृत्वको सरकारले मधेसमा पर्याप्त बजेट विनियोजन गरेकाले एमालेले मधेसमा द्रुततर गतिमा विकास चाहेको बताएका थिए ।

एमाले कार्यालय सचिव कृष्णगोपाल श्रेष्ठले संक्षिप्त कुराकानीमा थपे, 'एमाले कसरी मधेसमा छिर्छ भन्नेहरूको मुखमा बुझो लागेको छ, एमाले मधेसमै थियो, छ र मधेसी जनताको वास्तविक पार्टी एमाले नै हो भन्ने सन्देश सभाले दिन सफल भएको छ ।' श्रेष्ठले पनि यसलाई चुनावी अभियानको पहिलो खुड्किलो भएको बताए । 'यो चुनावी अभियान पनि हो, चुनावी वातावरण तयार पारेर छिट्टै तीनै तहको निर्वाचन सम्पन्न गरी संविधान कार्यान्वयन गर्नुपर्नेछ, त्यसमा एमालेले प्रमुख भूमिका खेल्नुपर्छ, पार्टीको जागरण अभियान त्यसैको प्रारूप हो,' उनले बाह्रखरीसँग कुरा गर्दै भने ।

धनुषा सभाले मधेसमा जागरण पैदा गरेको दाबी गर्दै उनले थपे, 'वास्तवमा मधेसी जनतामा उकुस-मुकस छाएको रहेछ । एमालेले आह्वान गर्नेबित्तिकै जनता स्वतःस्फूर्त उपस्थित भए । यसले हामीलाई पनि उत्साहित तुल्याएको छ ।' सभामा उपस्थित हुन नदिन अनेक प्रपञ्च रचिएको बताउँदै उनले भने, 'एमालेको कार्यक्रम स्थगित भयो भनेर स्थानीय एफएमहरूबाट पनि फुकिएको रहेछ, भारतीय राष्ट्रपति आउने अघिल्लो दिन किन कार्यक्रम गर्नुपर्‍यो ? भोलिपल्ट या पर्सिपल्ट आयोजना गरे हुन्न ? भनेर पनि भनिएको थियो, त्यो सबै एमालेको सभालाई प्रभावित पार्न गरिएको थियो, ती प्रयास पनि निस्तेज पार्‍यौं ।'

### झलनाथको स्पष्टिकरण

सभामा पार्टी वरिष्ठ नेता झलनाथ खनालले मधेसमा एमालेविरुद्ध भ्रम फिँजाइएको भन्दै स्पष्टिकरण दिएका थिए ।

आफूले प्रदेश विभाजन गर्दा धोती चिरा पारेसरह टुक्रा पार्न नहुने, सगरमाथाको शीरदेखि राजविराजको तिरसम्मका भू-भाग एक आपसमा छुट्याउन नहुने आसय व्यक्त गर्दा मधेसकेन्द्रित दलले मधसी जनतालाई 'धोती भन्यो' भनेर प्रचार गरिएको बताउँदै उनले प्रष्ट्याउन खोजेका थिए, 'मैले काँक्रो र धोतीजसरी चिरा पारेर प्रदेश बनाउनुहुँदैन भन्दा मधेसका जनतालाई धोती भन्यो भनियो, यदी तपाईंहरूलाई यसबारे चित्त दुःखेको छ भने आजैबाट यो शब्द भन्न छाड्छु, फिर्ता पनि लिन्छु ।' धनुषा सभा वास्तवमा एमालेविरुद्धको भ्रम निवारणकै लागि आयोजना गरिएको मण्डलको दाबी थियो । श्रेष्ठकाअनुसार एमालेले अब माघसम्म मधेसका विभिन्न जिल्लामा शीर्ष नेताहरु पुग्ने पनि बताए

# किन सार्वजनिक भएन प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्ति विवरण ?

**काठमाडौं २० कार्तिक ।**

प्रधानमन्त्री र मन्त्रीहरूले सम्पत्ति विवरण सार्वजनिक गर्न आनाकानी गरेका छन् । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको वेबसाइटमार्फत सार्वजनिक गर्नुपर्ने प्रचलन तोडदै पुष्पकमल दाहाल नेतृत्वको सरकारले सम्पत्ति विवरण गोप्य राखेको हो । यसअघि मन्त्रीहरूले मन्त्रिपरिषदमा पेस गर्ने विवरणलाई वेबसाइटमार्फत सार्वजनिक गर्ने प्रचलन थियो । तर, त्यसबारे मन्त्रिपरिषदले निर्णय नगर्दा उनीहरूका सम्पत्ति विवरण सार्वजनिक नभएका हुन् ।

प्रधानमन्त्री र मन्त्रीहरूले नियुक्त भएको १५ दिनभित्र सम्पत्ति विवरण सार्वजनिक गर्ने परम्परा छ । यो परम्परा ०४६ को जनआन्दोलनपछिका पहिला जननिर्वाचित प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको पालादेखि सुरु भएको हो । २०४८ सालमा कोइराला नेतृत्वको मन्त्रिपरिषदको पहिलो बैठकले पदमा नियुक्त भएको १५ दिनभित्र सम्पत्ति विवरण बुझाइसक्नुपर्ने निर्णय गरेको थियो । त्यसपछिका सरकारहरूले यो परम्परालाई निरन्तरता दिँदै आएका थिए । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन र भ्रष्टाचार निवारण ऐनमा आर्थिक वर्ष सुरु भएको ६० दिनभित्र सार्वजनिक पदमा रहेका सबैले अनिवार्य रूपमा सम्पत्ति विवरण बुझाउनुपर्ने र मन्त्रिपरिषदको निर्णयअनुसार प्रधानमन्त्री र मन्त्रीले आफ्नो सम्पत्ति सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । तर प्रधानमन्त्री र मन्त्रीहरू कसैको सम्पत्ति विवरण शनिबारसम्म पनि वेबसाइटमा नराखिएको कान्तिपुर अनलाइनले जनाएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका सहसचिव दामोदर रेग्मीले भने प्रधानमन्त्री तथा मन्त्रीहरूको सम्पत्ति विवरण छिट्टै वेबसाइटमा राखी सार्वजनिक गरिने दाबी गरे । 'पछि नियुक्त भएका कतिपय मन्त्रीहरूका विवरण प्राप्त भइसकेका छैनन् । त्यसैले पनि केही समय लागेको हो,' रेग्मीले भने । प्रधानमन्त्री दाहालले गत साउन २० देखि ५ जना मन्त्रीसहित जिम्मेवारी सुरु गरेका हुन् । त्यसयता पटक-पटक विस्तार गरी दाहालले ३१ सदस्यीय मन्त्रिपरिषद बनाएका छन् । कांग्रेस, माओवादी केन्द्र, राप्रपासहितको गठबन्धन बनाई दाहाल सरकार गठन भएको हो । सुरुमा ६ सदस्यीय मन्त्रिपरिषदमा दोस्रोपल्ट राप्रपाबाट २ र नेकपा संयुक्तबाट एक जना मन्त्री थपिएका हुन् ।

दाहालले साउन ३० मा तेस्रोपल्ट मन्त्रिपरिषद विस्तार गरी आफ्नै पार्टीबाट ५ मन्त्री र ४ राज्यमन्त्री थपेका हुन् । चौथोपल्ट भने भदौ ९ मा मन्त्रिपरिषद विस्तार भएको थियो । त्यतिबेला भने कांग्रेसबाट मात्र १३ जना मन्त्री थपिएका थिए ।

पछिल्लोपटक विस्तारित मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक गर्ने ६० दिने म्याद बाँकी नै भएको तर्क उक्त कार्यालयका अधिकारीहरूको छ । प्रधानमन्त्री दाहालले आफ्नो सम्पत्ति विवरण समयमै पेस गरे पनि सार्वजनिक गर्न भने ढिलाइ भएको हो । जिम्मेवारी सम्हालेलगत्तै प्रधानमन्त्री दाहालले आफ्नो सरकारले पारदर्शी र जनताप्रति जिम्मेवारपूर्ण ढंगले काम गर्ने दृढता राखेका थिए । आफूसँग काम गर्ने समय थोरै भएकाले द्रुत तरिकाले अघि बढ्न सबै मन्त्रालयका सचिवहरूलाई निर्देशनसमेत दिएका थिए । तर, आफ्नै कार्यालयसँग जोडिने काममा भने ढिलाइ भएको हो ।

प्रधानमन्त्री र मन्त्रीहरूले बुझाएको सम्पत्ति विवरण गोरखापत्रमा प्रकाशित गरी सार्वजनिक गर्ने र प्रधानमन्त्री कार्यालयको वेबसाइटमै राख्ने प्रचलन रहिआएको छ । त्यसका लागि मन्त्रिपरिषदले निर्णय गर्नुपर्नेछ । तर, पछि विस्तारित मन्त्रीहरूको म्याद बाँकी नै रहेको भन्दै सार्वजनिक गर्न ढिलाइ भएको हो । 'मन्त्रिपरिषद विस्तार त अझै हुन बाँकी छ । त्यसो भन्दैमा सम्पत्ति विवरण सधैं लुकाइरहने ?,'

मन्त्रिपरिषद कार्यालयकै अर्का एक सहसचिवले नाम नखुलाउन आग्रह गर्दै टिप्पणी गरे, 'मन्त्रीहरूले ३ महिना काम गर्दा पनि सम्पत्ति विवरण सार्वजनिक नहुनु भनेको गैरजिम्मेवारपनको नमुना हो । यसले कमाउ धन्दालाई प्रश्रय दिनेछ ।'

# मुस्ताङमा अत्यधिक चिसो, सर्वसाधारणलाई समस्या

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २० कार्तिक ।**

मुस्ताङमा पछिल्लो एकहप्तामा ह्वात्तै चिसो बढेको छ । चिसो बढेसँगै उपल्ला क्षेत्रका छ गाविसका सर्वसाधारण धमाधम बेँसी झर्न थालेका छन् । हिउँदे अन्नबाली थन्काएर लोमान्थाङ, छोसेर, छोण्हुप, घमी, सुर्खाङ र चर्राङ गाविसका १६ देखि ४० वर्ष उमेर समूहका सर्वसाधारण बेँसी झर्न थालेका हुन् । उनीहरुले कात्तिक दोस्रो हप्तादेखि फागुन अन्तिम सातासम्म म्याग्दी, बाग्लुङ, पर्वत, पोखरा, तनहुँ, काठमाडौं र भारतसम्म पुगेर घुम्ती व्यापार गर्दछन् ।

यी गाविसमा करिब चार महिना वस्तुभाउको हेरचाह गर्न एक दुईजना वृद्धवृद्धा मात्रै रहन्छन् । स्कुले विद्यार्थी घुम्ती विद्यालयमा अध्ययन गर्न पोखरा झरिसेकका छन् । छ गाविसमा १२ भन्दा बढी विद्यालयले पोखराको लेखनाथ, बाग्लुङ बसपार्क र चिसापानीमा घुम्ती विद्यालयको शिविर सञ्चालन गरिसकेका छन् ।

चिसो बढेकाले फापर, जौं, गहुँ र कोदो जस्ता अन्नबाली थन्काएर सर्वसाधारण धमाधम बेँसी झर्न थालेको छोसेरका स्थानीय लाम्पा छिरिङ गुरुङले जानकारी दिए । 'हामीले तीन महिनासम्म घुम्ती व्यापार गर्छौं, केही रकम बचत गरेर किनमेल गरेर फर्कन्छौं', उनले भने-'चिसोले हाम्रो गाउँमा खासै अन्नबाली हुँदैन, व्यापारबाट आम्दानी गरेर त्यसैबाट जिविका चलाउने हो ।' घुम्ती व्यापारमा उनीहरुले मुस्ताङमा पाइने जिम्बु, भारतबाट ल्याइएका विभिन्न किसिमका लत्ताकपडा, सिद्रा, सियो, मालालगायतको व्यापार गर्ने गरेका छन् ।

चिसो बढेसँगै बिहान र बेलुकी सदरमुकाम जोमसोमलगायतका आसपासका क्षेत्रमा आगो तापेर बस्ने समूहसमेत बढ्न थालेका छन् । चिसोका कारण मुस्ताङ भ्रमणमा आउने आन्तरिक तथा बाह्य पर्यटकको सङ्ख्या कम हुँदै गएको छ ।

# प्रगति एकता बाल क्लवको अध्यक्षमा थापा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २० कार्तिक ।**

पोखरा-७ घारीपाटनस्थित प्रगति नगर टोल र प्रगति टोलमा गठन भएका दुई बाल क्लब एकजुट भई प्रगति एकता बाल क्लब गठन भएको छ । दुवै टोलमा बालमैत्री कार्यक्रम ल्याउँदै बाल प्रतिभाहरुलाई विकास गराउने उद्देश्यले उक्त क्लब गठन भएको हो ।

भेलाले संयुक्त रुपम बाल कार्यक्रम अघि बढाउन बाल क्लव गठन गरेको हो । क्लबको अध्यक्षमा शर्मिला थापा चयन भएकी छिन् । उपाध्यक्ष विजय परियार, सचिवमा रुपेश गुरुङ, सहसचिवमा ममता परियार, कोषाध्यक्षमा अपेक्षा भुजेल रहेका छन् ।

सदस्यहरुमा ममता परियार, सपना गुरुङ, सन्तोष गुरुङ, अमिन परियार र अजय शेर्पा रहेका छन् ।

क्लब अघि बढाउन यसअघि सहकार्य गर्दै आएको असल छिमेकी नेपालले उक्त क्लबलाई सहयोग गर्ने प्रतिवद्धता जनाएको छ ।

भेलाले संस्थाको तर्फबाट स्थानीयवासी उत्तम गुरुङ लाई आशिंक कर्मचारीको रुपमा नियुक्त गरेको थियो । असल छिमेकी नेपालका बाल संरक्षण कार्यक्रम प्रमुख गोमा तामाङ र दिनेश केसीले क्लबलाई बालमैत्री समाग्री हस्तान्तरण गरेका थिए । भेलामा टोल विकास संस्थाकी सदस्य श्रीमाया घताने, आमा समुहकी अध्यक्ष मैखुदेवी गुरुङ र टोल विकास संस्थाका अध्यक्ष प्रकाश भुजेल घर्तीले शुभकामना मन्तव्य राखेका थिए । भेलामा करिब १३० जना बाल बालिकाहरुको सहभागिता रहेको थियो ।

# मुखर्जी आउँदा लोकमानसिंह अर्कै काममा

**गोल्डेन न्यूज संवाददाता**
**काठमाडौं २० कार्तिक ।**

भारतीय राष्ट्रपति प्रणव मुखर्जी काठमाडौं आउनुअघिसम्म देशैभरि लोकमानसिंह कार्कीको चर्चा परिचर्चा भइरहेको थियो । मुखर्जी काठमाडौंमा आएपछि सबैले लोकमानलाई बिर्सिए र मुखर्जीतिर लागे । तर, योबेलामा चर्चाबाहिर रहेका लोकमानसिंह चाँहि अख्तियारको सरकारी आवासमा निश्क्रिय थिएनन् । स्रोतले दिएको जानकारीअनुसार विहीबार राजनीतिक दलका नेताहरुले प्रणव मुखर्जीसम्म लाइन लागेर भेटवार्ता गरिरहेका बेलामा लोकमानसिंह कार्की चाँहि के गर्दै थिए होला ? त्यसबेला उनी अख्तियार दरुपयोग अनुसन्धान आयोगको सरकारी निवासमा केही बरिष्ठ अधिवक्ताहरुलाई बोलाएर सर्वोच्च अदालतको सामना कसरी गर्ने भन्नेबारेमा सरसल्लाह गरिरहेका थिए ।



वकिलहरुको काम नै सल्लाह दिनु हो । वकिलहरुले सेवाशुल्क पाए भने चोर डाका र बलात्कारीहरुको पक्षमा समेत वकालत गरिदिन्छन् । यस्तो बेलामा लोकमान सिंह कार्की सही छन् भनेर उनको पक्षमा बहस गर्न सर्वसाधारणलाई डर लागे पनि वकिलहरुलाई यसमा छेकबार हुँदैन । उनीहरुले 'फी' लिएर लोकमानको पक्षमा बोल्नु स्वाभाविकै हो ।

तर, विहीबार लोकमानलाई सल्लाह दिन टंगाल पुगेका वरिष्ठ वकिलहरुमा देशका इनेगिनेका कानूनविदहरु थिएनन् । बरु त्यहाँ लोकमानका नजिकका एवं नाताका वकिलहरु उपस्थित थिए, जसबाट लोकमानसिंह कार्की कानूनविदबा माझमा समेत एक्लिँदै गएको महसुस गर्न सकिन्थ्यो ।

स्रोतका अनुसार विहीबार लोकमानलाई सुझाव दिन पुगेका वकिलहरुमा एकजना थिए बरिष्ठ अधिवक्ता कोमलप्रताप घिमिरे । उनी लोकमान अख्तियारमा रहेका बेला उनका कानूनी सल्लाहकार समेत हुन् । लोकमानलाई महाअभियोग लागेपछि दीप बस्नेतले घिमिरेलाई सल्लाहकारबाट हटाएका छन् । तर, तलबी सल्लाहकारबाट हटे पनि घिमिरेले विहीबार टंगाल पुगेर लोकमानलाई सर्वोच्च अदालतको सामना गर्नेबारे सल्लाह दिए ।

त्यसैगरी सुशील कोइरालाका पालामा महान्ययाधीवक्ता रहेका अर्का कानूनविद बाबुराम कुँवर पनि लोकमानलाई कानूनी सल्लाह दिन विहीबार टंगाल पुगेका थिए । अभिवक्ता कुँवर लोकमानसिंह कार्कीका सुसरालीतिरका नातेदार हुन् । उनी नेपाली कांग्रेस निकट कानूनविद हुन् ।

त्यसैगरी फौजदारी कानूनका ज्ञाता एवं नेपाली कांग्रेस निकट बरिष्ठ अधिवक्ता कृष्णप्रसाद सापकोटा पनि लोकमानलाई कानूनी सल्लाह दिने टोलीमा सहभागी थिए । स्रोतका अनुसार उनीहरुले लोकमानलाई सर्वोच्च अदालतको १५ दिने म्या गुजार्न र त्यसपछि म्याद थपेर अन्तिम चरणमा वारेसमार्फत अदालतलाई जवाफ लेख्न सल्लाह दिएपछि कार्कीले म्याद गुजारेका हुन् ।

# सूर्यचन्द्र समाजको टोली भ्रमणमा जाने

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २० कार्तिक ।**

मालेपाटन पोखरा ५ स्थित सूर्यचन्द्र विकास समाजको टोली कार्तिक २१ र २२ गते लमजुङ जिल्लाको पर्यटकीय गाउँ एवं पुस्तकालय अवलोकनका लागि भ्रमणमा जाने भएको छ। भ्रमण टोली लमजुङको पर्यटकीय तथा सांस्कृतिक गाउँ काउलेपानी, तनहुँको ऐतिहासिक व्यापारिक सहर बन्दीपुर जाने भएको हो । टोली लमजुङ जिल्लाको ऐतिहासिक लमजुङ दरबार हेर्नेछ । त्यसैगरी भ्रमण टोलीले वेशीशहरमा अवस्थित सफल रुपमा संचालित पुस्तकालय लक्ष्मीनारारयण पुस्तकालयको समेत अवलोकन गर्ने छ । भ्रमणमा सूर्यचन्द्र विकास समाजका प्रबन्ध समितिका पदाधिकारी, सल्लाहकार एवं आजीवन सदस्य समेत गरी ३० जना सहभागी रहेका छन् । अवलोकन भ्रमणले आन्तरिक पर्यटन विकासमा टेवा पुऱ्याउने एवं संस्था सदस्यहरुमा सामाजिक कार्य प्रति थप प्रेरणा जगाउने सूर्यचन्द्र विकास समाजका अध्यक्ष बसन्तराज भण्डारीले बताए । पुस्तकालय अवलोकनबाट सूर्यचन्द्र विकास समाजद्वारा सञ्चालित सहिद स्मृति पुस्तकालय संचालनमा थप अनुभव हासिल हुने पूर्व अध्यक्ष धन बहादुर नेपालीको भनाई थियो ।

# श्रीराम टोल विकासमा लम्साल

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २० कार्तिक ।**

सिमलचौर पोखरा ८ स्थित श्रीराम टोल विकास संस्थाको १५ औं साधारणसभा एवं ६ औं अधिवेशन शनिवार सम्पन्न भएको छ । अधिवेशनले विसिना लम्सालको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ । संस्थाको उपाध्यक्षमा इन्दिरा थापा, सचिवमा सरिता रेग्मी उपाध्याय, सहसचिवमा निर्मला पौडेल, कोषाध्यक्षमा भगवती पौडेल, सहकोषाध्यक्षमा गायत्री लामिछाने र सदस्यहरुमा कृष्ण पौडेल, अम्बिका कार्की, विमला वसेल, मानकुमारी पौडेल, निरु पुन र दिलकुमारी बोहोरा रहेका छन् । त्यसैगरी सल्लाहकारहरुमा सन्तुमाया रेग्मी, शारदा चालिसे, गिरिराज चालिसे र मणिलाल चालिसे रहेका छन् । कार्यक्रममा प्रमुख अतिथि पोखरा उप-महानगरपालिका गरिबी न्यूनिकरण शाखाका अधिकृत सविता ढुङ्गाना, जेष्ठ सदस्यहरु कृष्ण कुमारी चालिसे, शोमलाल गिरी, बाल क्लवका अध्यक्ष सन्जय पौडेल, गिरिराज चालिसे, शारदा मिश्र, सन्तुमाया गिरी लगायतले आ-आफ्नो भनाई राखेका थिए । उक्त अवसरमा जेष्ठ सदस्यहरु कृष्ण कुमारी चालिसे, सोमलाल गिरी, कार्यसमितिका विसिना लम्साल, सरास्वती सिग्देल, विजयलक्ष्मी आचार्य, भगवती चालिसेलाई सम्मान गरिएको थियो । संस्थाका अध्यक्ष सन्तुमाया गिरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत मन्तव्य विसिना लम्साल र कार्यक्रमको संचालन सरिता उपाध्यायले गरेका थिए ।

# माछापुच्छ्रेको लाभांस २१ प्रतिशत

**पोखरा २० कार्तिक ।**

माछापुच्छ्रे बैंक लिमिटेडको संचालक समितिले गतबर्षको खुद मुनाफाबाट आफ्ना सेयरधनीहरुलाई कूल २१.८४ प्रतिशत लाभांश वितरण गर्न प्रस्ताव गर्ने निर्णय गरेको छ । बैंकले प्रस्तावलाई नेपाल राष्ट्र बैंकको स्वीकृती र आगामि बाषिर्क साधारणसभाबाट पारित भए पश्चात हालको चूक्तापूँजीको २०.७५ प्रतिशत बोनश सेयर र कर प्रयोजनको लागि १.०९ प्रतिशत नगद लाभांस दिने निर्णय गरेको हो । नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम आगामी आषाढ मसान्तभित्रमा बैंकको चुक्ता पूँजी ८ अर्ब पुऱ्याउन अघिल्लो बाषिर्क साधारण सभाले पारित गरे बमोजिमको ५० प्रतिशत हकप्रद सेयर जारी गर्ने तयारी गरेको छ । प्रस्तावित बोनश सेयर समेत जारी गरी नपुग हुने चुक्ता पूँजीका लागि बैकले आगामी बाषिर्क साधारण सभाबाट नै थप आवश्यक हकप्रद सेयर समेत जारी गर्न प्रस्ताव गर्ने बताएको छ । बैंकले थप पूँजी बृद्धि तथा व्यवसाय विस्तारका लागि अन्य कुनै बैंक वा वित्तिय संस्थासँग मर्जरर एक्विजिसन गर्ने सम्बन्धमा समेत बाटो खुला राखेर अगाडि बढेको जनाएको छ । बैकको हालको चुक्ता पूँजी ३ अर्ब ८६ करोड रुपैयाँ तथा जगेडा कोषमा १ अर्ब ५१ करोड रुपैयाँ सञ्चित छ ।

# कुवापानी खानेपानी सोलार आयोजना उद्घाटन

**गोल्डेन न्यूज संवाददाता**
**लमजुङ २० कार्तिक ।**

कास्की जिल्लाको हंसपुर वडा नं१ र २ स्थित कुवापानी खानेपानी सोलार लिप्टिङ वाटर आयोजनाको विहीवार उद्घाटन गरियो । नेकपा एमालेका पोलिटब्युरो बैकल्पिक सदस्य एवं सासंद तुलबहादुर गुरुङले उद्घाटन गरेका थिए । विकासको कार्य जनताको घरदैलोवाट सुरु गरेमा दीर्घकालीन हुने सासंद गुरुङले धारणा राखे ।

कुल लागत १६ लागतमा निर्माण गरिएको योजनामा ज्ञट लाख माननिय सासंद गुरूङको क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट ८ लाखमा थप एक लाख गरि नौ लाख, सांसद चुडामणि जंगलीबाट एक लाख ५० हजार, जिल्ला विकास समिति कास्कीबाट दुई लाख र बाँकी रकम जनश्रमदान वाट जुटाइएको थियो ।

उपभोक्ता समितिका अध्यक्ष बुद्धिसागर पोखेलको सभापतित्वमा भएको कार्यक्रममा नेकपा एमाले प्रदेश नं ४ का सदस्य तथा पूर्व कास्की जिविस उपसभापति श्रीनाथ वराल, नेकपा एमालेका नेता पूर्व हंसपुर गाविस अध्यक्ष विजयबाबु वनवासी, एमाले कास्की सदस्य दलबहादुर गुरूङ, क्षेत्र नं १ का अध्यक्ष उमा परियार, युवा संघ नेपालका केन्द्रीय सदस्य पूर्ण लामा, लेखनाथ नगर सचिव मोहन गुरूङ, नेपाली कांग्रेस कास्की सदस्य नारायण श्रेष्ठ, समाजसेवीहरु क्रमशः नविनवाबु पौडेल, माधव पौडेल, तारानाथ सुवेदी, कालीदास सुवेदी, दयासागर सुबेदी, बेचन शाह, भैरवलाल श्रेष्ठ, ध्रुव भुजेल लगायतले बोलेको कार्यक्रममा उपाध्यक्ष बाबुराम दर्जीले स्वागत र कपिल पौडेलले संचालन गरेका थिए ।

# पुराना प्रविधि लोप

**पाल्पा २० कार्तिक ।**

जिल्लामा विभिन्न आधुनिक प्रविधि भित्रिएसँगै पुराना प्रविधि लोप हुँदै गएका छन् । गाउँघरमा हातले कुँदेर बनाइएका तामाका भाँडा नयाँ प्रविधिको प्रयोगले हराउँदै गएका छन् । यी सामानको सट्टामा अहिले बजारमा मेसिनबाट उत्पादित सामान भित्रन थालेका छन् । तामाको भाँडाको सट्टामा स्टिल, प्लास्टिकका भाँडाको प्रयोग बढ्दो छ ।

झडेवाका वीरबहादुर नेपालीको घरमा कुनै समय नयाँ भाँडा बनाउने, पुरानो तामाका भाँडालाई नयाँ स्वरुप र शैलीमा फरक किसिमको भाँडा बनाउन आउनेको निकै भीड लाग्ने गरेकोमा आजभोलि सुनसान बनेको छ ।

**“रंगहरूको अन्तिम गन्तव्य”**
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
**योर्स ट्रेड कन्सर्न**
*एशियन पेन्टस्, रोयल ईस्पायराका साथै सिपेजको समस्या सावधान , वाटर प्रुफिङ गरिन्छ ।*
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
**नेपालमा सर्वाधिक रूचाईएको पेन्ट**

**विदेश जानेहरूका लागि सुवर्ण अवसर**
Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
हाम्रा विशेषताहरु :- तयारी कक्षा धमाधम चलिरहेको छ ।
❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल
सम्पर्क | फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट २०० मिटर तल (स्याङ्जा जाने बाटो)
होटल दिपमाला संगै
फोन:०६१-५५०२५२, मो. ९८४६०४१४९२

**खुशीको खबर !**

के तपाईलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने, ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*
अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

**अनेक समस्या सफल उपचार**
ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्वन्धि समस्या
महिनामारी गडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।
दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

**पोखरामा पहिलो पटक**
यौनबर्द्धक : लिङ्को साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुवैको लागि)
स्तन बढाउन, घटाउन, टाइट गर्न, नुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
उचाई बढाउन Step Up, Triple Height
तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनकिल।
अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

**सेक्यूरिटी गार्डमा वैदेशिक रोजगारको सुवर्ण अवसर**
Abudhadi को Spark middle Cast Star Skill Force, UAE को DPS, कतारको Group-4, बहराईन, मकाउ लगायतका देशहरुमा सेक्युरिटी गार्डमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको Diplomatic सेक्युरिटी गार्ड तालिम, अग्रेजी भाषा र अन्तरवार्ताको तयारी कक्षाहरु सञ्चालन भइरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गरि आफ्नो सुनौलो भविष्यको सुनिश्चित गर्नुहोला।
हाम्रो विशेषताहरू :
❖१००% उत्तीर्ण गराउन सफल।
❖छोटो समयमा नै ख्याती प्राप्त गुणस्तरीय तालिम।
❖DPS र PSBD का Objective Questions Answer को प्राक्टिकल र मोडल Questions Answer को अध्ययन गराइने।
सम्पर्क
आर्मोर ग्रुप सेक्यूरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि

# प्रचण्ड आक्रामक, मन्त्रीलाई निष्काशन गर्ने चेतावनी

**काठमाडौं २० कार्तिक ।**

प्रचण्डको नेतृत्वमा सरकार गठन भएको तीन महिना पूरा भएको छ । प्रधानमन्त्री बनेको तीन महिना पुग्नुभन्दा अघिल्लो दिन शुक्रबार बिहानैदेखि प्रधानमन्त्री प्रचण्डको सक्रियता निकै आक्रामक देखिएको छ । प्रधानमन्त्रीको यो आक्रामकता मुख्यत: चार ठाउँमा देखियो:

**१. आफ्नै सचिवालयमाथि यक्ष प्रश्न**

शुक्रबार बिहानै बालुवाटारमा प्रधानमन्त्री प्रचण्डले आफ्नो सचिवालयका सदस्यहरुलाई भेला हुन भने । सचिवालका सदस्यहरु हतारिँदै जम्मा भए । त्यसपछि प्रधानमन्त्रीले उनीहरुलाई कडारुपमा सम्झाए ।

'तपाईहरु सबैजना जनयुद्ध लडेरै आएका मान्छेलाई मैले सचिवालयमा राखेको छु, तर, आज तपाईहरुको काम गराई किन सुस्त भयो ? सरकारले गरेका कामहरुको जनतामा किन राम्रोसँग सन्देश प्रवाह भएन ?' प्रधानमन्त्री प्रचण्डले आफ्नो सचिवालयका सदस्यहरुलाई सोधे-'कहाँनेर, कोबाट कमजोरी भइरहेको छ ? मबाट कमजोरी भएको छ कि तपाईहरुले काम गर्न नसकेको हो ?' प्रधानमन्त्रीले निजी सचिवालयमा रहेका प्रमुख स्वकीय सचिव जोखबहादुर महरा, प्रेस सल्लाहकार गोविन्द आचार्य, जनसम्पर्क सल्लाहकार रामदीप आचार्य, स्वकीय सचिवहरु रमेश मल्ल, प्रकाश दाहाल लगायतलाई 'खै' गरेका थिए ।

**२. मन्त्रीहरुलाई हठात् बालुवाटारमा बोलावट**

सचिवालयका सदस्यलाई कडा निर्देशन दिएपछि प्रधानमन्त्री प्रचण्डले आफ्नो निवासमा तत्कालै माओवादी मन्त्रीहरुलाई हाजिर हुन भने । छोटो बोलावटमा अर्थमन्त्री कृष्णबहादुर महरा, उर्जामन्त्री जनार्दन शर्मा र स्थानीय विकास मन्त्री हितराज पाण्डे चाँहि बालुवाटार गएनन् ।



बाँकी मन्त्रीहरुलाई प्रधानमन्त्रीले तीन महिनाको वीचमा तपाईहरुले के-के काम गर्नुभयो भनी प्रश्न गरे । तपाईहरुले काम नगरेको हो कि मैले जानकारी नपाएको हो भन्दै प्रधानमन्त्रीले यो पाराले काम नहुने चेतावनीसमेत दिए ।

स्रोतका अनुसार सो जमघटमा केही मन्त्रीहरुले गरेको कामका विषयमा प्रधानमन्त्रीले सन्तोष व्यक्त गरेका थिए। जस्तो शिक्षा मन्त्रालय र कानून मन्त्रालयले सामान्यत: अरुले भन्दा राम्रो काम गरेको प्रधानमन्त्रीको निश्कर्ष थियो । तर, यी कामबारे मिडिया र जनतामा प्रचार हुन नसकेको प्रधानमन्त्रीले गुनासो गरे । कानून मन्त्रालयले धेरैवटा कानूनहरु ड्राफ्ट गरेको र शिक्षा मन्त्रालय पनि राम्रोसँग चलिरहेको त्यहाँ चर्चा चल्यो । तर, सरकारका प्रवक्तासमेत रहेका सूचना तथा सञ्चारमन्त्रीले भने काम गर्नुको साटो घुमघामै बिताएको गुनासो आएको बालुवाटार स्रोतले बतायो ।

त्यस्तै अन्य मन्त्रालयहरुले पनि अपेक्षा अनुसार काम नगरेको भन्दै प्रधानमन्त्रीले असन्तुष्टि पोखेको स्रोतले बतायो । प्रधानमन्त्री प्रचण्डले आफूमात्रै एक्लै काम गरिरहनुपर्ने तर मन्त्रीहरु घुमघाममै व्यस्त भइरहने स्थितिको अन्त्य गर्न र सबैले मिलेर काम गर्न निर्देशन दिए ।

**३. दिउँसो केपी ओलीसँग पनि 'कडा' कुरा:** बिहान मन्त्रीहरुलाई कडा निर्देशन दिएका प्रचण्डले शुक्रबार उसै दिन एमाले अध्यक्ष केपी ओलीलाई भेट्न बोलाए । दुई नेतावीच दिउँसो सिंहदरबारस्थित सभामुख ओनसरी घर्तीको च्याम्बरमा भेटवार्ता भयो । सो भेटमा प्रधानमन्त्री प्रचण्डले ओलीसँग सीधा सीधा कुरा गरे । स्रोतका अनुसार प्रचण्डले ओलीलाई मैले संविधान संशोधन र चुनावलाई प्राथमिकतामा राखेको छु, संविधान संशोधनमा यसो(यसो गर्न लागेको छु, तपाईले सहयोग गर्ने कि नगर्ने भन्ने प्रश्न सोधेका थिए ।

**४. अपरान्ह क्याबिनेटमा मन्त्रीहरुलाई प्रश्न**

शुक्रबार नै सिंहदरबारमा मन्त्री परिषद बैठक बस्यो । सो बैठकमा प्रधानमन्त्रीले सबै मन्त्रीहरुलाई आफ्नो कार्यशैली सुधार गर्न र सक्रिय बन्न निर्देशन दिए । 'सरकारविरुद्ध चौतर्फी आक्रमण भइरहेको छ, तपाईहरु चुपचाप देखिनुहुन्छ,' बैठकमा प्रधानमन्त्रीले मन्त्रीहरुलाई भने,-'यो आक्रमण प्रचण्डामाथि मात्रै भएको हैन, तपाईहरुमाथि पनि भएको हो, यसमा तपाईहरु चुप लागेर बस्न मिल्दैन ।' सरकार गठनको सय दिन पुग्न लागेको अवस्थामा मन्त्रालयहरुले गरेको कामबारे प्रधानमन्त्री कार्यालयमा चाँडै विवरण बुझाउन प्रधानमन्त्रीले त्यहाँ मन्त्रीहरुलाई दिर्नेशन दिए ।

**युद्धस्तरमा अघि बढ्ने दावी**

आफ्नो ९ महिने कार्यकालको अवधि छोटिँदै जाँदा अब प्रधानमन्त्री प्रचण्ड युद्धको गतिमा अघि बढ्न लागेको यनको सचिवालयले दाबी गरेको छ । स्रोतले भन्यो-'अब अलमल गर्ने फर्सद छैन, त्यसैले प्रधानमन्त्री ज्यू संविधान संशोधन गरेर स्थानीय निर्वाचन गराउने मिसनमा केन्द्रित हुनुभएको छ, राम्रो काम गर्न नसक्ने मन्त्रीलाई फर्नेसमेत उहाँले चेतावनी दिनुभएको छ ।' प्रधानमन्त्रीले अब केही दिनभित्रै संविधान संशोधन प्रस्ताव दर्ता गराउने स्रोतले बतायो ।

स्रोत : अनलाइन खबर

# नेपाल-टिमोरबीचको खेल बराबरीमा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २० कार्तिक ।**

नेपालले एएफसी सोलिडारिटी कपअन्तर्गत टिमोर लेस्टेविरूद्धको पहिलो खेलमा अनपेक्षित नतिजा बेहोर्नु परेको छ। मलेसियाको कोचिङस्थित सारावक नेगारी रंगशालामा भर्खरै सम्पन्न खेलमा प्रतियोगिताकै कमजोर आँकिएको टिम टिमोरले नेपाललाई गोलरहित बराबरीमा रोक्यो। समूह 'ए' चरणको खेलमा नेपालले टिमोरलाई पराजित गरेको भए आजै सेमिफाइनलको यात्रा तय गर्ने थियो। तर, फितलो मिडफिल्ड र तालमेलको कमी देखिएको नेपाललाई टिमोरले 'डिफेन्सिभ ट्याक्टिस' मा अल्झायो। नवयुग श्रेष्ठ र विमलघर्ती मगरलाई अग्रपंक्तिमा उतारेको नेपालका लागि पहिलो हाफको खेल पुरै निरस बन्न पुगेको थियो।



बर्षाले पनि केही समय बिथोलेको यस खेलमा दोस्रो हाफपछि नेपाल केही आक्रामक देखिएको थियो। नेपाली खेलाडीको दुईवटा प्रहार विपक्षी टिमोरको गोल पोस्टमा लाग्नु पनि दूर्भाग्यपूर्ण रहयो। नवयुगले ४७ मिनेटमा हानेको प्रहार टिमोरको गोल पोस्टको पहिलो वारमा लागेर फर्किएको थियो। उनलाई विमलले २५ यार्डबाट खुला प्रहार गर्न मौका जुराइदिएका थिए। यस्तै, ६८ मिनेटमा अन्जन बिष्टको क्रसमा अनन्तको हेडिङ पनि टिमोरको गोल पोस्टमा लागेको थियो।

नेपालले दुई पल्ट आफ्नो फरवार्ड लाइन परिवर्तन गरेको थियो। ६४ मिनेटमा नवयुगलाई प्रतिस्थापन गर्दै भरत खवास र ७७ मिनेटमा अन्जन बिष्टलाई परिवर्तन गर्दै कप्तान अनिल गुरुङ मैदान प्रवेश गरेका थिए। नेपालले अन्तिम १३ मिनेटको खेल भरत, विमल र अनिलको रुपमा तीन जना स्ट्राइकरलाई उतारेको थियो। नेपाली प्रशिक्षक कोजीले आजको खेल निकै कठिन भएको प्रतिक्रिया दिएका छन्। नेपालले ब्रुनाइसँग अन्तिम खेल मंगलबार खेल्नेछ।

# अन्तर्राष्ट्रिय 'याक अट्याक' साइकल दौड सुरु

**गोल्डेन न्यूज संवाददाता**
**लमजुङ २० कार्तिक ।**

विश्वकै उच्च हिमाली भेगमा आयोजना हुने 'याक अट्याक' साइकल दौड प्रतियोगिताको दसौँ संस्करण लमजुङमा सुरु भएको छ । बेलायतस्थित माउन्टेन बाइकिङ वर्ल्ड वाइडको आयोजना र नेपालस्थित यति ग्रुप अफ कम्पनीअन्तर्गत यति टूल्सको व्यवस्थापनमा सञ्चालन भएको प्रतियोगिता उच्च हिमाली क्षेत्रअन्तर्गत अन्नपूर्ण पदमार्गमा आयोजना गरिएको 'याक अट्याक २०१६' साइकल दौड प्रतियोगिता बेसिसहरबाट सुरु भएको हो ।

समुन्द्री सतहदेखि पाँच हजार ४१६ मिटर उचाइमा पर्ने थोराङ्ला भञ्ज्याङ पास गर्ने गरी प्रतियोगिता सुरु भएको हो । १२ दिनसम्म हुने प्रतियोगितामा बीचमा दुई दिन आराम गरिनेछ । प्रतियोगितामा नेपालसहित १४ देशका प्रतियोगी सहभागी छन् । प्रतियोगितामा अमेरिका, बेलायत, सिङ्गापुर, जापान, हङ्गेरी, फ्रान्स, अस्ट्रेलिया, अस्ट्रिया, न्युजिल्याण्ड, पोर्चुगल, मलेसिया, क्यानाडा र डेनमार्कका गरी ३९ जना प्रतियोगी सहभागी रहेका छन् ।

अघिल्ला वर्षहरुमा आयोजना गरीएका प्रतियोगितामा नेपाली युवा अजय पण्डित पाँच पटकसम्म लगातार विजेता बनेका थिए ।

प्रतियोगितामा प्रथम हुनेले एक हजार २५० अमेरिकी डलर पुरस्कार प्राप्त गर्नेछन् । यस्तै दोस्रो हुनेले ७५० डलर र तेस्रोले ५०० डलर पुरस्कार प्राप्त गर्नेछन् । पहिलो दिन जिल्लाभित्रै ३२ किलोमिटर दुरीमा प्रतियोगिता गराइएको छ । सदरमुकाम बेँसीसहरबाट सुरु भएर चण्डीडाँडा, बाग्लुङपानी, घलेगाउँ फेदी हुँदै भलाम, सिम्पानी, खुदी भएर बेसीसहर आएर टुङ्गिएको छ ।

आइतबार भने प्रतियोगीहरु मनाङको सदरमुकाम चामे पुग्नेछन् । १० दिनको प्रतियोगितामा सबैभन्दा कम समयमा पुरै दौड जित्नेले मात्रै उपाधि हात पार्नेछन् । प्रतियोगिताको लागि नेपालको उच्च हिमाली क्षेत्र उत्तम भएकाले प्रत्येक वर्ष नेपालमा प्रतियोगिता आयोजना गरिएको माउन्टेन बाइकिङ वर्ल्ड वाइडका निर्देशक फिल इभान्सले बताए । प्रतियोगिताबाट नेपालको पर्यटन प्रर्वद्धनका लागि सहयोग पुग्ने विश्वास गरिएको छ ।

# पर्यटन प्रवर्द्धन

**बाग्लुङ २० कार्तिक ।**

रोजगारीका लागि २० वर्षअघि युरोप छिरेका सोम सापकोटाको भूमिका अहिले बदलिएको छ । रोजगारी, सामाजिक कामको अतिरिक्त नेपालको पर्यटन प्रवर्द्धनको अभिभारा समेत उनँमा थपिएको छ । बाग्लुङमा जन्मिएका सापकोटा अहिले युरोपमा विभिन्न मुलुकमा नेपाल चिनाउने अभियानमा छन् । नेपाल सरकारले नेपाल पर्यटन बोर्डको मानार्थ जनप्रतिनिधिमा नियुक्त गरेपछि सापकोटाको व्यस्तता पनि बढेको छ । डेनमार्कमा 'एउटा साथी नेपाल पठाऔँ' अभियान चलाएर चाडवाड मान्न नेपाल आउनुभएका सापकोटाले आफूप्रति देशले ठूलो भरोसा राखेको बताए ।

छ महिनाअघि नेपाल पर्यटन बोर्ड डेनमार्कको मानार्थ जनप्रतिनिधि भएपछि सापकोटाले पर्यटन प्रवर्द्धनका लागि योजना बनाएर कामअघि बढाएका छन्। 'सुरुमा हामीले जुन भूकम्प पश्चात् नेपाल घुम्न असुरक्षित छ, भन्ने सन्देश बाहिरी विश्वमा पुग्यो, त्यसलाई चिर्न लाग्यौं' सापकोटाले भने-"नेपाल सुरक्षित छ, भूकम्प पश्चात पनि नेपालको पर्यटन चलायनमान छ, भन्ने सन्देश, सूचना प्रवाह गर्‍यौं ।"

# पोखरा उपत्यका सफाइ अभियान जारी

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा २० कार्तिक ।**

पोखरा उपत्यका बृहत सफाइ अभियानको २३ औं हप्ता जनलहर सहित सफलताका साथ सम्पन्न भएको छ । नदीपुरस्थित नारायणस्थान मन्दिर परिसरदेखि नदीपुरचोक, वुद्ध विहार हुँदै तेर्सापट्टीको गिरिजाचोकसम्म झण्डै ७ टन फोहोर मैला संकलन गरिएको सामाजिक अभियन्ता अर्जुन भण्डारीले जानकारी दिए ।

सफाइ अभियानक्रममा पुलसम्मका खाल्डाखुल्डी पुर्नुका साथै फोहोर मैलाको पहाड र दुर्गन्धित नालीसमेत सफा गरिएको सामाजिक अभियन्ता एवं टोल विकास संस्था वडा समन्वय समिति १ अध्यक्ष चन्द्रबहादुर गुरुङले बताए ।

कार्यक्रममा पूर्वसांसद कृष्णकुमारी परियार, वडा प्रहरी कार्यालय बगरका प्रहरी निरीक्षक किशोर लम्साल र नेपाली कांग्रेस नगर सभापति बजिरमान श्रेष्ठको विशेष उपस्थित थियो ।

यसअघि सहभागीलाई सामाजिक अभियन्ता एवं कन्या क्याम्पस पोखराका सहायक प्राध्यापक इन्द्रकमल मानन्धरले सपथ खुवाएकी थिइन् ।

सफाइ अभियानलाई वातावरणीय सुन्दर नेपाल प्रालिले ५ सय जोर डिस्पोजल ग्लोब र मास्क तथा ज्ञानमार्ग आमा समूहले पिउनेपानी व्यवस्था गरेका थिए ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय कास्की र वडा प्रहरी कार्यालय बगरमा सुरक्षाकर्मी, स्थानीय आमा समूह, टोल विकास संस्था, नारायणस्थान धार्मिक सेवा समिति, नगरपालिकाका कर्मचारी, सामाजिक अभियन्तालगायतको उल्लेख्य सहभागिता थियो ।

कार्यक्रमको अन्त्यमा सफाइ अभियानको अभिभावकीय भूमिका निर्वाह गर्दै आएका स्थानीय विकास अधिकारीलाई फूलको गुच्छा र माला लगाइ बिदाइ र जिल्ला प्राविधिक कार्यालयका प्रमुख इञ्जिनियर नारायण बराललाई स्वागत गरिएको थियो । कार्यक्रममा स्थानीय विकास अधिकारी दामोदर भण्डारीले धन्यवाद ज्ञापन गरेका थिए ।

२४ औ साताको सफाइ अभियान गणेशमानसिंह चोक (नालाकोमुख) बाट सुरु गरिने टोल विकास संस्था वडा समन्वय समिति ३ का अध्यक्ष विष्णुशंकर ख्वाउजुले बताए ।

# केदारेश्वरमा पनि छठ पूजा

**पोखरा २० कार्तिक ।**

पोखराको केदारेश्वर मन्दिरमा हिन्दुहरुको चाड छठ पर्वको तयारी भव्य गरिएको पूजा समितिले जनाएको छ । सार्वजनिक छठ पूजा समितिका संयोजक वलिराम ठाकुरका अनुसार शुक्रबार ४ वजेदेखि आइतबार विहान ७ वजेसम्म भक्तजनहरुको उल्लेख्य सहभागितामा छठीमाताको आर्शिवाद ग्रहण गरिने छ । विगतदेखि नै भव्यरुपमा मनाउँदै आएको छठ पर्व यस पटक पनि केदारेश्र मन्दिर छठघाटमा कार्यक्रम तय गरिएको मुल आयोजक समितिका सचिव भूनेश कुमार ठाकुरले जानकारी दिए ।

मूल आयोजक समितिले सम्पूर्ण पोखरेली भक्तजनलाई मन्दिर परिसरमा सहभागी हुन अनुरोध समेत गरिएको जनाएका छन् । छठी माताको पूजा र आराधानाले मनको इच्छा पुरा हुने, परिवारमा सुख शान्ति मिल्ने, व्यापार व्यवसायमा प्रगति हुने विश्वास रहि आएको छ । गहुँको पीठोको रोटी, लड्डु, फलफूल आदिका साथ पानीमा डुव्दै गरिने पूजामा विशेष महिलाहरुको सक्रिय सहभागिता हुने छठ पूजा समितिले जनाएको छ । महिलासंगै भाकल वोकेका पुरुषहरुपनि पूजामा सहभागि भई छठी माताको पूर्जा गर्दै आएका छन् । पोखरामा करिव ४ सयदेखि ५ सयको संख्यामा भक्तजनहरु सहभागि हुँदै आएका छन् । छठ पर्वको अवसरमा नेपाल सरकारले सार्वजनिक विदा दिएको छ ।

# प्रचार-प्रसार नहुँदा अन्धाअन्धी दह ओझेलमा

**स्याङ्जा २० कार्तिक ।**

पौराणिक महत्वको अन्धाअन्धी दह प्रचारप्रसारको अभावमा ओझेलमा परेको छ । स्याङ्जाको चिलाउनेबास गाविस वडा नं ८ र ९ को सिमानामा अवस्थित उक्त दह आन्तरिक तथा बाह्य पर्यटक भित्रचाउन सक्ने प्रशस्त सम्भावना भएर पनि प्रचारप्रसार त्यति छैन ।

"श्रवणकुमारका नेत्रहीन बाबु र आमाको आँसुबाट बनेको अन्धाअन्धी दहको पूर्वाधार विकासका लागि एक समिति बनाएर अगाडि बढेका छौँ"-अन्धाअन्धी पूर्वाधार विकास समितिका अध्यक्ष माधवप्रसाद गौतमले भने-"यहाँ धेरै भौतिक पूर्वाधार निर्माण गर्न आवश्यक छ, अहिले प्रचारप्रसार गरेर यहाँ आन्तरिक र बाह्य पर्यटक भित्रचाउन विशेष कार्यक्रम सञ्चालन गरेका छौं ।" राजा दशरथको वाण लागेर श्रवणकुमारको मृत्यु भएपछि उनका बाबुआमाको आँसुले सो दह बनेको पौराणिक विश्वास गरिन्छ । जिल्ला पर्यटन विकास समितिका पहलमा विनियोजन भएको रु सात लाखबाट दहसम्म पुग्ने बाटो र मन्दिर निर्माण तथा श्रवणकुमारका आमाबाबुको मूर्ति स्थापना गरिएको छ । "दुईतर्फ कडा चट्टानसहितको पहाड छ, बीचमा दह रहेको छ" गौतमले भने-ओडारभित्र श्रवणकुमारका आमाबुबाको मूर्ति देखिन्छ । सिद्धार्थ राजमार्ग अन्तर्गत स्याङ्जा-पोखरा सडकखण्डको नाउँडाँडाबाट झन्डै १४ किमीको दूरीमा सो दह रहेको छ । सो ठाउँमा विशेषगरी बालाचतुर्दशीका बेला ठूलो मेला लाग्छ ।


पश्चिमाञ्चलकै लोकप्रिय पत्रिका
'गोल्डेन न्यूज राष्ट्रिय दैनिक'
खोजी-खोजी पढ्ने गरौं ।

**कर्मचारी चाहियो**

पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकस्थित चिनारी थकाली भान्छाघरका लागि निम्न कर्मचारी चाहियो ।

पद : वेटर — संख्या : २ जना
पद : किचन हेल्पर — संख्या : १ जना
पद : डिसवासर — संख्या : १ जना

सम्पर्क : **चिनारी थकाली भान्छाघर**
मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा, फोन : ०६१-५२६३०९

**पिनास तथा नाकको एलर्जी उपचार**

**पिनास, एलर्जी: चिसो धुलो धुवाँको असर, विना अप्रेशन पिनास र एलर्जीको उपचार**

चिसो, धुलो, धुवाँले पिनास तथा एलर्जीको रोग बढाउन सक्छ । यदि तपाइलाई पनि चिसो, धुलो, धुवाँ, खार घरको सामान्य धुलो, चिसो पानी तथा चिसो मौसमका कारण नाक, कान, घाँटी, छातीको समस्या हुने गरेको छ भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

**लक्षणहरु:**

रुघा लागिरहने, हाछ्यू आइरहने, नाक बन्द हुने, नाक बाँगो भएको,नाकमा मासु पलाएको नाकले राम्रोसँग गन्ध थाहा नपाउने, चिसो, धुलो धुवाँले समस्या हुने,खोकी लागिहाल्ने,पुरानो खोकी, छाती दुख्ने, सास बढ्ने, दम होला जस्तो हुने, अत्याधिक टाउको दुख्ने आधा टाउको दुख्ने, चक्कर लाग्ने, बच्चाहरुलाई रुघा लागिरहने नाक बन्द हुने, टन्सिल भैरहने कान पाकिर हने जस्ता समस्या भएका पुराना, दीर्घ तथा नयाँ विरामीहरुको लागि परिक्षण तथा उपचार व्यवस्था गरिएको जानकारी गराउदछौं । ***बिदाको दिनमा पनि उपचारको व्यवस्था छ ।***

परीक्षण समय: बिहान ८:०० बजेबाट बेलुका ६:०० बजेसम्म (फोनबाट पनि नाम दर्ता गराउन सकिनेछ ।

**पञ्चम आयुर्वेद क्लिनिक प्रा.लि.**
पोखरा-१०, इन्द्रचोक (रंगशाला २ नं. गेटबाट १०० मिटर अगाडि)
**फोन नं.: ०६१-४३२२४२, ९८४६०६८८०६**

**के तपाईमा यौनसम्बन्धी समस्या छ ?**

**पुरुषमा देखिने** : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, पुरुष यौनाङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष ।

**महिलाहरुमा देखिने** : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, महिलाको यौनाङ्ग चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरू ।

**महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानको सफल उपचार**

**मलद्वार सम्बन्धी रोग** : पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दु:ख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।

बिरामी जाँच्ने समय : बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.**
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
**फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१**
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

Study in **Japan**
Czech Republic
USA, Australia, Norway

- 100% Visa on previous session, Gap Acceptable & NAT/JLPT not required in **JAPAN** .
- SLC passed can apply .
- Almost all intake **czech Republic** .
- Free Education in **Norway** & **Finland** .
- Help to make all kind of documentation for any Countries .

April Intake

**Now Running** IELTS, JLPT Classess

**ROMAN EMPIRE**
Education Foundation
Siddhartha Chowk-4, Chipledhunga, Pokhara (Opp .Rupakot Complex)
Tel .:061-531538, 9846449344, 9803652132


सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष/प्रधान सम्पादक **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, संस्थापक सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा